# राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८१/८२



नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

समितिको १३८ औं बैठक (२०८१/०६/०८) बाट स्वीकृत

## विषय सूची

पृष्ठभूमी ..... १
परिच्छेद-१ ..... १
प्रारम्भिक ..... १
१.१. संक्षिप्त नाम र प्रारम्भ ..... १
१.२. परिभाषा ..... १
१.३. कार्यविधिको उद्देश्य ..... २
परिच्छेद-२ ..... २
कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन ..... २
२.१. साझा प्रक्रिया तथा मार्ग निर्देशन ..... २
२.२. उपभोक्ता समिति गठन तथा रकम भुक्तानी प्रक्रिया ..... ४
२.३. कार्यक्रम अनुगमन ..... ५
२.४. प्रगति प्रतिवेदन ..... ५
परिच्छेद-३ ..... ५
सार्वजनिक निर्माण सम्बन्धी कार्यक्रम कार्यान्वयन ..... ५
३.१. गल्छी, पहिरो/खहरे रोकथाम/नियन्त्रण ..... ५
३.२. नदी/खोला किनारा तटबन्ध/स्थिरिकरण/नियन्त्रण/व्यवस्थापन (स्पर/डाइक/बायोइञ्जिनियरिङ) ..... ६
३.३. हरित पेटि निर्माण ..... ७
३.४. भूमिगत जल पुनर्भरण र सतह मुनिको पानी उपयोग (चुरे तथा भावर क्षेत्रमा) ..... ७
३.५. भिरालो जग्गामा बहुवर्षीय (फलफूल) खेती ..... ८
३.६. ताल तलैया/संरक्षण पोखरी/रिचार्ज पोखरी निर्माण, संरक्षण तथा व्यवस्थापन/सौन्दर्यकरण/जिर्णोद्वार ..... ८
३.७. बाँस/घाँस/अम्रिसो तथा अन्य बिरुवा रोपण तथा व्यवस्थापन ..... ९
३.८. तारबार सहित वृक्षरोपण ..... ९
३.९. नदी उकास जग्गामा तारबार सहितको वृक्षरोपण ..... ९
३.१०. जैविक प्रविधि मार्फत सडक पाखो संरक्षण ..... १०
३.११. पर्यापर्यटन प्रवर्धन ..... ११
३.१२. जैविक वातावरणीय एवम् भू-स्खलनको हिसाबले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारबार सहित पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन ..... ११
३.१३. कृषि वन प्रवर्धन ..... १२
३.१४. रेन वाटर/रन अफ हार्वेस्टिङ्ग ड्याम ..... १२
३.१५. सिंचाई कुलो निर्माण ..... १३
३.१६. वन बिरुवा उत्पादन/खरिद तथा वितरण ..... १३
३.१७. नर्सरीमा बिरुवा उत्पादनको लागि नर्सरी नाइकेको ज्याला ..... १४
३.१८ बाँसको कलमी बिरुवा उत्पादन / खरिद तथा वितरण ..... १४
३.१९ क्षतिग्रस्त भुमि पुनरुत्थान ..... १४
३.२० बिगत वर्षमा संचालित कार्यहरुको संरक्षण तथा मर्मत सम्भार ..... १५
३.२१ जनताको रहर हरीत शहर कार्यक्रम ..... १५
३.22 नर्सरी स्तरन्नोती, व्यवस्थापन तथा फलफुल बिरुवा खरिद तथा वितरण ..... १६
३.२३ अन्य कार्यक्रमहरु ..... १७
परिच्छेद-४ ..... १७
अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम कार्यान्वयन ..... १७
४.१ कार्यक्रम संचालन प्रक्रियाः ..... १७
४.२ विशेषज्ञ नियुक्ती ..... १८
परिच्छेद-५ ..... १८
प्रचार प्रसार सम्बन्धी कार्यक्रम कार्यान्वयन ..... १८
५.१ प्रचार प्रसार सम्बन्धी कार्यक्रम ..... १८
५.२ चुरे संरक्षण सम्बन्धि बुलेटिन प्रकाशन (अर्धवार्षिक) ..... १९
५.३ वार्षिक क्यालेण्डर प्रकाशन तथा वितरण ..... १९

५.४ प्रेस क्लिपिंग संकलन तथा प्रकाशन ..... १९
५.५ चुरे संरक्षण सम्वन्धी श्रव्य दृश्य सामाग्री तयारी तथा प्रसारण ..... २०
५.६ चुरे संरक्षण सम्वन्धी जिंगल प्रसारण (स्थानिय एफ.एम.बाट) ..... २०
५.७ चुरे संरक्षण सम्वन्धी टेलिभिजन बहस तथा प्रसारण ..... २०
५.८ चुरे संरक्षण सम्वन्धी ब्रोसर, पर्चा, पम्फलेट, पोस्टर, स्टिकर तयारी तथा वितरण ..... २०
५.९ चुरे डायरी उत्पादन तथा वितरण ..... २०
५.१० चुरे संरक्षण सम्वन्धित सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा) ..... २०
५.११ चुरे सम्वन्धी वक्तृत्वकला र पुरस्कार ..... २१
५.१२ चुरे संरक्षण सम्वन्धि कियाकलापहरूको फोटो फ्रेम तयारी तथा वितरण ..... २१
५.१३ पम्फलेट, पोस्टर, ब्रोशियर, वार्षिक प्रगति पुस्तिका, Activities Profile प्रकाशन, ब्याग खरिद, चुरेको लोगो अंकित ब्याच/कोट पिन, प्रचारप्रसार सामग्री उत्पादन तथा प्रकाशन, वितरण ..... २१
५.१४ रेडियो मार्फत प्रचार प्रसार ..... २२
५.१५ होर्डिङ्ग बोर्ड निर्माण ..... २२
परिच्छेद-६ ..... २२
तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्बन्धी कार्यक्रम ..... २२
६.१ तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्बन्धी कार्यक्रम ..... २२
६.२ केन्द्र स्तरीय समन्वय बैठक ..... २४
६.३ प्रदेशस्तरीय समन्वय समितिका बैठक ..... २५
६.४ क्लस्टर स्तरीय समन्वय, प्रगती समिक्षा गोष्ठी ..... २५
६.५ केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी ..... २५
६.६ वार्षिक योजना तर्जुमा गोष्ठी ..... २६
परिच्छेद-७ ..... २६
अन्य कार्यक्रमहरू ..... २६
७.१ चुरे दिवस केन्द्र स्तर/इकाई स्तर ..... २६
७.२ चुरे संरक्षण तथा व्यस्थापनसंग सम्वन्धित सोधपत्रको निम्ति सहयोग ..... २६
७.३ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन ..... २७
७.४ नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तयारी तथा प्रकाशन ..... २७
७.५ विगतका कार्यक्रमहरूको अभिलेखीकरण/प्रभाव मुल्यांकन ..... २७
७.६ नदी प्रणालीहरुको एटलस तयारी ..... २८
७.८ चुरे संरक्षणका मापदण्ड कार्यविधि सम्वन्धी अभिमुखीकरण कार्यक्रम ..... २९
७.९ वातावरणीय अध्ययनको लागि प्रस्तावित क्षेत्र/आयोजनाको अनुगमन ..... २९
७.१० विभिन्न विषयका अध्ययन अनुसन्धानका लागि कार्यक्षेत्रगत शर्त (ToR) तयारी ..... ३०
परिच्छेद- ८ ..... ३०
विविध ..... ३०
अनुसूची १ ..... ३१
मासिक प्रगति विवरण फाराम ..... ३१
अनुसूची -२ ..... ३२
त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन फारामहरू ..... ३२
अनुसूची -३ ..... ३४
होर्डिंग बोर्डको नमुना ..... ३४
अनुसूची -४ ..... ३६
Activity Profile ..... ३६
अनुसूची ५ ..... ३७
सार्वजनिक सुनुवाई फारम ..... ३७
अनुसूची ६ ..... ३९
उपभोक्ता समिति गठन तथा संचालन सम्वन्धी व्यवस्था ..... ३९
अनुसूची ७ ..... ४२
कार्यक्रम कार्यान्वयन सम्झौता ..... ४२




OCTOBER 9, 2024

# राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२

## पृष्ठभूमी

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको गठन २०७१ आषाढ २ मा भएको हो। गठन भएको वर्ष देखिनै यस समितिले कार्यक्रमहरू कार्यान्वयनको लागि विभिन्न साझेदार निकायहरू जस्तै-साविक वन विभाग, भू तथा जलाधार संरक्षण विभाग, बनस्पति विभाग र वन अनुसन्धान तथा सर्वेक्षण विभाग अन्तर्गतका जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वनस्पति कार्यालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, जल उतपन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयहरू र नेपाली सेना मार्फत् कार्यक्रमहरू संचालन भएको थियो। आ.व. २०७५/७६ मा ७ वटै प्रदेश समेटिने गरी ९३ स्थानीय तहहरू मार्फत् कार्यक्रमहरू संचालन भएको थियो। संचालनमा आएका कार्यक्रमहरूको समय समयमा गरिने कार्यहरूको नियमित अनुगमन तथा निरीक्षण समिति केन्द्रस्तर, कार्यक्रमको कार्यान्वयनको अख्तियारी पाएका सम्वन्धित विभागहरू र सम्वन्धित साविकका क्षेत्रीय निर्देशनालयहरूबाट हुदै आएका थिए। आ.व. २०७६/७७ देखि समिति मातहत रहने गरी देशका पाँच स्थानहरूमा कार्यक्रम कार्यान्वयन इकाईहरू स्थापना भई राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यन्वयन भैरहेकोछ। क्षतीग्रस्त भुमि पुनरुत्थान र तालतलैया संरक्षण तथा व्यवस्थापनका केहि कार्यक्रमहरू नेपाली सेनाको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय मार्फत समेत कार्यान्वयन भैरहेको छ।

चुरे पहाडको भू-स्खलन तथा क्षयीकरण, जलाधार क्षेत्रको विनाश, वनको परिमाणात्मक तथा गुणात्मक ह्रास, कमलो पहाडी भिरपाखाहरूमा अत्याधिक मानवीय गतिविधि आदि कारणहरूले गर्दा चुरे, भावर, तराई-मधेश क्षेत्रका मानिसहरूको बसोवास, खेतीपाती, जनजीविका र समग्र पारिस्थितिकीय प्रणालीमा पर्न गएको नकारात्मक प्रभाव न्यूनीकरण गर्नु नै राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास कार्यक्रमको मुल उदेश्य रहेको छ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेष्ठ ४ को निर्णयबाट चुरे-तराई मधेस संरक्षण तथा व्यवस्थापनको लागि तयार भएको २० वर्षे "चुरे-तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४" स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। गुरुयोजनाले निर्दिष्ट गरेको कार्यक्रमहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समेटिएका विषयहरुलाई आधार मानी तयार गरिएका सालबसाली कार्यक्रमहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि प्रक्रियागत सरलीकरण गर्न र अपेक्षित नतिजा हासिल गर्न कार्यान्वयन निकायहरूबाट गरिने कामहरूको प्रभावकारिताको लागि अर्थ मन्त्रालयको प.सं. २०८१/८२ मार्गदर्शन च.नं. ०१ मिति २०८१/०४/०१ आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको नं. २३, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन आदेश, २०७१ को दफा २० र वन तथा वातावरण मन्त्रालयबाट जारी भएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको आर्थिक कार्यविधि नियमावली २०७१ को नियम ७३ समेतको अधीनमा रही राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

### १.१. संक्षिप्त नाम र प्रारम्भ

क। यस कार्यविधिको नाम "राष्ट्रपति चुरे संरक्षण कार्यकम कार्यान्वयन कार्यविधि, २०८१/८२" रहेको छ।

ख। यो कार्यविधि समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### १.२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ। यसले प्रचलित कानून बमोजिम सरकारी निकायमा दर्ता भएका मौजुदा उपभोक्ता समितिहरु समेतलाई जनाउँदछ।

ख) "उपभोक्ता समूह" भन्नाले कार्यक्रम संचालनको लागि गठन भएका समूह एवम् मौजुदा कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूह जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियासिल रहेका समूह समेतलाई बुझाउँछ।

ग) "कार्यक्रम" भन्नाले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्झनु पर्दछ।

घ) "कार्यान्वयन निकाय" भन्नाले समितिको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सचिवालय, ५ वटा कार्यक्रम कार्यान्वयन इकाईहरू र नेपाली सेना तर्फको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय समेतलाई सम्झनु पर्दछ।

ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

च) "सचिवालय" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सचिवालय सम्झनु पर्दछ।

छ) "समिति" भन्नाले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति सम्झनु पर्दछ।

ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ।

१.३. <u>कार्यविधिको उद्देश्य</u>

(क) चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ ले अङ्गीकार गरेको लक्ष्य हासिल गर्न निर्धारण गरिएका उद्देश्यहरूले अपेक्षा गरेका उपलब्धीहरू पुरा हुने गरी स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।

(ख) राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू सञ्चालनका लागि प्रक्रियागत मार्ग निर्देशन गर्ने।

(ग) कार्यक्रम कार्यान्वयन निकायहरूबाट सम्पन्न गरिने कार्यक्रमहरू र कार्यक्रम सञ्चालन प्रक्रियामा एकरूपता ल्याउने।

(घ) कार्यक्रम समयमै सम्पन्न गर्न, कार्यक्रमको गुणस्तर कायम गर्न र कार्यक्रमको दीगोपन कायम गर्न मार्ग निर्देश गर्ने।

## परिच्छेद-२
## कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

### २.१. साझा प्रक्रिया तथा मार्ग निर्देशन

२.१.१ कार्यक्रम संचालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, वन ऐन, २०७६, वन नियमावली, २०७९, लगायत अन्य प्रचलित कानूनहरूको प्रावधानहरू बमोजिम गर्नु पर्नेछ।

२.१.२ समितिका सदस्य, इकाई प्रमुख र कर्मचारीको छलफल र समन्वयमा कामको बाँडफाँड गर्नु पर्नेछ। स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। इकाईले कार्यक्रम सञ्चालनका लागि स्थान छनौट लगायत सञ्चालन प्रकृया बारे समितिका सदस्यसंग छलफल र समन्वयबाट गर्नु पर्नेछ। स्वीकृत कार्यक्रमको स्थान परिवर्तन

वा संसोधनका लागि वन तथा वातावरण मन्त्रालयमा अनुरोध गरी पठाउनु पर्ने भएमा समितिबाट निर्णय भए अनुसार गर्नु पर्ने पर्नेछ।

२.१.३ कामको प्रकृति अनुसार कार्यक्रम सञ्चालन पूर्व सम्बन्धित स्थानीय तह तथा संघ, प्रदेश तथा जिल्ला स्थित सरोकारवाला निकायहरूसंग समन्वय गर्नुपर्नेछ।

२.१.४ स्वीकृत वार्षिक कार्यक्रम वा गुरु योजना वा नदी प्रणाली स्तरीय एकीकृत योजनामा तोकिएका विवरणहरू स्थान छनौटका लागि प्रमुख आधार हुनेछन्। यसका लागि समितिका सदस्य, कार्यान्वयन निकायका प्राविधिक, सम्बन्धित लाभग्राही समूह, स्थानीय तहका प्रतिनिधि तथा अन्य सरोकारवालाहरू समेतको सहभागितामा स्थलगत अवलोकन गरी कार्यक्रम स्थान छनौट गर्नु पर्नेछ।

२.१.५ नदी प्रणालीमा कार्यक्रम सञ्चालन गर्दा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजना अनुसार संचालन गर्नुपर्नेछ। योजना तयार नभएका नदीप्रणालीको हकमा चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ को खण्ड २ र संरक्षणको आवश्यकता तथा मागको आधारमा प्राथमिकीकरण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

२.१.६ क) कार्यक्रम सर्भे, डिजाईन र लागत अनुमान तयार भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, सम्बन्धित स्थानिय तह/वडा कार्यालयको समन्वयमा लाभग्राही समूहबाट गठन भएको उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने वा अमानतबाट कार्य संचालन गर्न गराउन सकिनेछ।

ख) यसरी कार्यक्रम संचालन गर्दा २० लाख भन्दा माथिका योजनाहरु कार्यान्वयन गर्दा ठेक्का मार्फत गर्न/गराउन पहिलो प्राथमिकता दिने।

ग) उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गर्दा सम्बन्धित उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत लागत साझेदारी वा जनश्रमदान उपलब्ध गराउनु पर्नेछ। प्रचलित कानुन बमोजिम गठन भई सम्बन्धित स्थानमा क्रियाशिल रहेका उपभोक्ता समूह/समितिहरू मार्फत कार्यक्रम कार्यान्वयन गर्न/गराउन पनि सकिनेछ।

घ) कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित पालिका/वडा कार्यालयमा रहेको मौजुदा प्राविधिकहरुको सहयोग लिन सकिनेछ।

२.१.७ कार्यक्रमहरूको लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्मस, सम्बन्धित जिल्ला वा सम्बन्धित स्थानीय तहको चालु आ.व.का लागि स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ।

२.१.८ कार्यान्वयन निकायले कार्यक्रम कार्यान्वयन योजना तथा खरिद योजना तयारी गर्ने कार्य समितिका सम्बन्धित सदस्यसंगको समन्वयमा गर्नेछ। समितिका सदस्यको उपस्थितिमा महिनाको एकपटक स्टाफ मिटिङ्ग राखी कार्य प्रगतिको अवस्था, कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्याहरु र समाधानका उपायहरुको बारेमा छलफल गरिनेछ।

२.१.९ भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा नेपाल सरकारबाट प्रमाणित गुणस्तरको हेभिकोटेड जि.आई. तारको मेसिन मेड तारजाली प्रयोग गर्नु पर्नेछ। उपभोक्ता समितिबाट गरिने काममा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भएमा लागत अनुमान तयार गर्दाको समयमा नै सो कुरा उल्लेख गरी संचालन गर्न सकिनेछ।

२.१.१० कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नका लागि आवश्यकता अनुसार समिति र कार्यक्रम कार्यान्वयन निकायका कर्मचारीहरू परिचालित हुनेछन्। स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पूर्ति नभएमा र कार्य प्रकृति अनुसार थप जनशक्ति आवश्यक भएमा प्रचलित ऐन नियम बमोजिम कर्मचारी व्यवस्थापन गरी

OCTOBER 9, 2024

काममा लगाउन सकिने छ। कामको प्रकृति हेरी संघ तथा प्रदेश स्तरका विषयगत कार्यालयहरू तथा स्थानीय तहमा उपलब्ध प्राविधिक कर्मचारीहरूबाट समेत सहयोग लिन सकिनेछ।

२.१.११ कार्यक्रम संचालन गर्दा गरीब, विपन्न तथा सिमान्तकृत समुदाय (नदी किनारमा बसोबास गर्ने थारु, माझी, बनकरीया, मुसहर, पासवान, राउटे, चेपांग, कुमाल लगायत पिछडिएका जातीहरू) र महिलाको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रीत हुनु पर्नेछ। वन तथा सार्वजनिक जमिन अतिक्रमणका लागि सहयोग हुने गरी कुनै पनि कार्यक्रम संचालन गरिने छैन।

२.१.१२ कार्यक्रम प्रारम्भ गर्नु अघि कार्यालयले उपभोक्ता समितिलाई कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी गराउँदा लागत अनुमान तथा डिजाइन सम्बन्धमा अभिमुखीकरण समेत गर्न सकिनेछ। कार्यक्रम शुरु हुनु अगावै उपभोक्ता समितिलाई कार्यादेश, सम्झौता पत्र आदि कागजात उपलब्ध गराउनु पर्नेछ।

२.१.१३ उपभोक्ता समितिले सम्झौता गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ। योजनाको स्याहार, सम्भार र मर्मत गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ। उपभोक्ता समितिले जिम्मा लिएको योजनाको काम निर्माण व्यवसायीबाट गराउन नपाइने विषयमा सहमति भएमा मात्र कार्यक्रम सम्झौता गरी कार्य शुरु गर्नु पर्नेछ।

२.१.१४ कार्यक्रम शुरु गर्नु भन्दा पहिले कार्यक्रम संचालन स्थलमा लागत अनुमान लगायत आयोजनासंग सम्बन्धित अन्य अत्यावश्यक र महत्वपूर्ण जानकारी तथा विवरणहरू खुल्ने गरी अनुसुची ३ अनुसारको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ। होर्डिङ्ग बोर्डको साइज कम्तिमा ५X४ फिटको हुनु पर्नेछ।

२.१.१५ कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२.१.१६ यस कार्यविधिमा उल्लेख नभएका क्रियाकलापहरु प्रचलित ऐन, नियम, नर्मस्, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ।

२.१.१७ कार्यक्रम कार्यान्वयन गर्नु अगावै कार्यक्रम कार्यान्वयन गर्न सकिने नसकिने अवस्था यकीन गरी कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था देखिएमा कार्यक्रम कार्यान्वयन इकाईहरुले आ.व.को तेश्रो त्रैमासिक अवधि भित्रै कार्यक्रम संशोधनको लागि समितिमा टिप्पणी सहित पेश गरिसक्नु पर्नेछ।

२.१.१८ कार्यक्रम सम्पन्न भई रकम भुक्तानी भए पश्चात उक्त योजना सम्बन्धित उपभोक्ता समिति/स्थानीय निकाय/सरोकारवालालाई हस्तान्तरण गर्नु पर्नेछ।

## २.२. उपभोक्ता समिति गठन तथा रकम भुक्तानी प्रक्रिया

(क) सम्वन्धित स्थानिय तह/वडा कार्यालयले लाभग्राही समूहबाट उपभोक्त समिति गठन गर्दा सम्भव भएसम्म समितिको कर्मचारी (site incharge), वडा अध्यक्ष, वडा सदस्य (प्रतिनिधि), स्थानीय संघ सस्थाका प्रतिनिधि तथा लाभग्राही जनताको सहभागिता गराउनु पर्नेछ। उपभोक्ता समिति गठन र त्यसको जिम्मेवारी अनुसूची ६ बमोजिम हुनेछ। योजनाको प्रकृति र आवश्यकता अनुरूप उपभोक्ता समिति मातहत अन्य उपसमितिहरु पनि गठन गर्न सकिनेछ।

(ख) कार्य सम्पन्न भए पश्चात् अनुसूची ५ को ढाँचामा सार्वजनिक सुनुवाइको प्रतिवेदन, उपभोक्ता समितिको निर्णयको प्रतिलिपि, बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन, सम्भव भएसम्म सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य सम्बन्धित कागजात समेत समावेश गरी कार्यालयमा रकम भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

(ग) उपभोक्ता समितिको माग भएमा सम्पन्न भएको कामको नापी किताबको आधारमा रनिङ्ग बिल अनुसारको रकम भुक्तानी गर्न सकिनेछ।

(घ) निवेदन प्राप्त भए पश्चात् तोकिएको प्राविधिकले स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन सहित उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेका बिल भर्पाई लगायतका कागजातहरु जाँच गरी पेश

गर्नु पर्नेछ। स्थलगत निरीक्षण कार्य सम्बन्धित उपभोक्ता समिति लगायत अन्य सरोकारवालाको उपस्थितिमा गर्नुपर्नेछ।

नेपाल सरकार
चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

२.३. कार्यक्रम अनुगमन

कार्यक्रमहरुको अनुगमन गर्दा तपसिलका बुँदामा ध्यान दिदै यस समितिको अनुगमन तथा मुल्यांकन निर्देशिका २०७८ बमोजिम गरिनेछ।

(क) सञ्चालित र सम्पन्न भएका कार्यक्रमहरुको सम्बन्धित स्थानीय तहका प्रतिनिधिहरु समेतको उपस्थितिमा अनुगमन गरिनेछ।

(ख) आवश्यकता अनुसार समितिका सदस्य, इकाई प्रमुख र प्राविधिक कर्मचारीहरुको संयुक्त अनुगमन टोलि समेत वनाई कार्यक्रम अनुगमन गर्न सकिनेछ।

(ग) उपभोक्ता समितिले अनुगमन उपसमिति समेत गठन गर्न सक्नेछ। यस उपसमितिले आन्तरिक रूपमा अनुगमन गरी तोकिएको समयमा तोकिएको गुणस्तरको काम सम्पन्न गर्न सहयोग पुर्‍याउनेछ।

२.४. प्रगति प्रतिवेदन

(क) कार्यक्रम कार्यान्वयन निकायले कार्यक्रमको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन तोकिएको समयमा समितिमा पठाउनु पर्नेछ।

(ख) कार्यान्वयन निकायहरूबाट पेश भएका प्रगतिहरू संकलन (compile) गरी समिति तथा वन तथा वातावरण मन्त्रालयमा मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

(ग) त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढाँचा वमोजिम तयार गर्नु पर्दछ।

(घ) कार्यक्रम कार्यान्वयन निकायले सम्पादन गरेका हरेक कार्यक्रम तथा क्रियाकलापहरूको अनुसूचि ४ अनुसारको पार्श्वचित्र (Activity Profile) बनाइ सो को सफ्टकपी समेत समितिको सचिवालयमा पेश गर्नु पर्नेछ।

(ङ) समितिले सबै कार्यक्रम कार्यान्वयन निकायबाट वार्षिक प्रगति प्राप्त भए पछि प्रगतिहरुको संकलन (Compile) गरी प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-३
## सार्वजनिक निर्माण सम्वन्धी कार्यक्रम कार्यान्वयन

३.१. गल्छी, पहिरो/खहरे रोकथाम/नियन्त्रण

चुरे क्षेत्रमा सतही, रिल (धर्से), गल्छी तथा खहरे जस्ता भू-क्षयको अत्यधिक समस्या र साना, मझौला तथा ठुला आकारका भू-स्खलनका समस्या पनि रहेको पाईन्छ। यस्ता समस्याहरूलाई सम्वोधन गर्न नै यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत उपचारात्मक रूपमा प्याकेज छनौट गर्दा सरल, दीगो र उपभोक्ताले सजिलै कार्यान्वयन तथा मर्मत सम्भार गर्न सक्ने प्रकृतिको विधिहरू छनौट गरिन्छ। संरचना डिजाईन गर्दा वानस्पतिक संरचना तथा बायो-इन्जिनियरिङ्ग प्रविधिलाई समेत प्राथमिकता दिइनेछ। यस कार्यक्रम अन्तर्गत निम्न उपचार विधि प्रयोग गर्न सकिन्छ।

(क) वानस्पतिक संरचनाहरू

(ख) सुरक्षित पानी निकास

(ग) कम खर्चिलो भू-संरक्षण प्रविधि

(घ) ईन्जिनियरिङ्ग संरचना

(ङ) घाँस रोपण, बाँस रोपण, संरक्षण, बृक्षरोपण, हाँगा रोपण आदि।

३.१.१. **कार्यक्रम संचालन प्रक्रियाः**

(क) छनौट गरिएका नदी प्रणालीमा नदी प्रणाली व्यवस्थापन योजनाले तोकेका तथा प्राविधिक रूपमा आवश्यक देखिएका स्थानमा सोही योजनाले तोकेका प्रकृतिको कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ख) नदीप्रणाली एकीकृत स्रोत व्यवस्थापन योजना तथा गुरुयोजनाले तोकेको स्थानहरू पहिचान गरी कार्यक्रमको सम्भाव्यता अध्ययन गरी कार्यक्रमको औचित्यता र संरचनागत आवश्यकता एकीन गर्ने।

३.१.२. ध्यान दिनुपर्ने विषयहरूः

(क) सतही, रिल (धर्से), गल्छी तथा खहरे जस्ता भू-क्षय नियन्त्रण गर्ने र पहिरो नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दा वानस्पतिक उपचार/बायो-इन्जिनियरिङ्ग प्रविधिलाई समेत प्राथमिकता दिई डिजाईन गर्नु पर्नेछ।

(ख) कार्यक्रम संचालन गर्दा स्थानीय सरोकारवालाहरू, उपभोक्ता, स्थानीय तह तथा प्रदेश स्तरीय कार्यालहरू र जनप्रतिनिधिहरूसँग समेत प्रत्यक्ष समन्वय गर्ने।

(ग) कार्यक्रमहरू संचालन गर्दा क्रमशः उपल्लो तटीय क्षेत्रबाट तल्लो तटीय क्षेत्रमा सञ्चालन गर्दै जानु पर्नेछ।

३.२. <u>नदी/खोला किनारा तटबन्ध/स्थिरिकरण/नियन्त्रण/व्यवस्थापन (स्पर/डाइक/बायोइञ्जिनियरिङ)</u>

चुरे क्षेत्रबाट निस्केका तथा यस क्षेत्र भई बग्ने नदीहरूबाट बर्षेनी नदी किनारा कटान, क्षयीकरण जस्ता समस्याहरू हुने गर्दछ। यस्ता समस्याहरू लाई सम्बोधन गर्न यो कार्यक्रम राखिएको हो। नदी /खोला किनारा स्थिरिकरण / नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गर्दा छनौट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापन योजनाले तोकेको स्थानमा सोही योजनाले तोकेका प्रकृतिको कार्यक्रमहरू सञ्चालन गरिनेछ। नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघट्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३.२.१. **कार्यक्रम संचालन प्रक्रियाः**

(क) यो कार्य संचालन गर्दा बायो-इन्जिनियरिङ्ग प्रविधिको साथै अन्य सिभिल संरचनाहरू जस्तै तट्बन्ध, स्पर र चेकड्याम आदि निर्माण गर्न सकिने छ।

(ख) नदी/खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रूपमा आवश्यक पर्ने लंचिंग एप्रोन, स्टड र स्परहरूको व्यवस्था गर्नु पर्नेछ।

(ग) निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि सम्भव भएसम्म नदीको दुबै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ।

(घ) यो कार्यक्रम संचालनका लागि स्थलगत अवलोकन पश्चात गर्न सकिने क्रियाकलापहरूको छनौट गरी प्राविधिकको सहयोगमा लागत ईस्टीमेट तयार गरी क्रियाकलाप संचालन गरिनेछ।

(ङ) कार्य सञ्चालन गर्दा कार्यान्वयन सँगसँगै समितिबाट नियमित रूपले अनुमगन कार्य पनि गरिनेछ।

३.२.२. ध्यान दिनुपर्ने विषयहरूः

यो कार्यक्रम संचालन गर्दा निम्न विषयहरूमा विशेष ध्यान दिनु पर्दछ

(क) नदी तथा खोलाको बहाव तथा गेग्रान थुप्रान क्षेत्र र वगर नमिचिने गरी संरचना निर्माण गर्नु पर्नेछ।

(ख) नदी/खोलाको कुनै एक किनारा संरक्षणको लागि निर्माण गरिएको संरचनाको कारण अर्को किनारा तर्फ क्षति नहुने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ। सम्भव भएसम्म दुबै किनारा संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) नदीको गहिराई बढ्दा दायाँबायाँ निर्मित संरचनाहरू भत्किने हुँदा नदीखोलाको गहिराई नियन्त्रमा समेत ध्यान दिई संरचना डिजाईन गर्नु पर्नेछ।

(घ) संरक्षण कार्यपश्चात् प्राप्तहुने नदी उकास जग्गाहरूको विवरण तयार गरी सम्भावित उपयोग योजना समेत तयार गर्नुपर्दछ।

## ३.३. हरित पेटि निर्माण

तटबन्ध निर्माण गरे पश्चात संरक्षित तथा नदी उकास जग्गा मध्ये सार्वजनिक वा बन क्षेत्रको जग्गा अतिक्रमण हुने, निजी जग्गा भए खेतीपाती पुनः शुरु हुने तथा खुला चरिचरन हुँदा कतिपय तटबन्ध भत्किन सक्छछन्। वर्षाको भेल थेग्न नसकी तटबन्ध तोडिएर गाउँबस्ती र खेतीमा बाढी पस्न सक्छ। यस्ता जग्गाहरूमा हरियाली अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। राष्ट्रिय भू-उपयोग नीति, २०७२ ले सडक, पोखरी र खोलाको दायाँ-बायाँ हरित पेटी निर्माण गर्न अभिप्रेरित गरेको छ। सोही नीतिमा नदी नालाहरूको प्राकृतिक बहाव, सीमा र मापदण्डलाई असर पर्ने गरी भूमिको प्रयोग गर्न नपाइने प्रावधान समेत रहे अनुरूप नदी उकास जग्गामा वृक्षरोपण गरी बन विकास गरिने छ। यसरी वृक्षरोपण गर्दा निजी स्वामित्वको जग्गा भएमा निजी बन, सरकारी वा सार्वजनिक जग्गा भएमा संरक्षणमुखी सामुदायिक बन वा समुदायमा आधारित बनको विकासका निम्ति प्रोत्साहन गर्न समेत राष्ट्रिय भू-उपयोग नीति, २०७२ ले अभिप्रेरित गर्दछ।

यसरी निर्मित संरचनाहरूलाई आधार मानी वृक्षरोपण गर्दा बायो ईन्जिनियरिंग कार्यको समायोजन भई संरचनाको आयु बढाई दिगोपनामा वृद्धि हुनाका साथै नदी उकास जग्गाको उत्पादकत्व तथा उपयोगिता समेत वृद्धि हुनेछ।

### ३.३.१. कार्यक्रम संचालन प्रक्रियाः

(क) तटबन्धको बाहिरी भागको सीमाबाट ३० (तीस) मिटर चौडाईसम्मको क्षेत्रलाई हरित पेटीको रूपमा विकास गर्न सकिने छ।

(ख) कतिपय अवस्थामा तटबन्धको भित्री सीमाबाट ५ देखि ३० मिटर चौडाईसम्म वा दुई स्परहरूको बीचमाको भू-भागमा पानीको बहावको गति कम गर्न सक्ने कांस, बाँस, खयर, बबुल र अन्य उपयुक्त प्रजातिको बृक्षरोपण गर्न सकिनेछ।

(ग) निजी जग्गा भएमा जग्गाधनीलाई परम्परागत खेतीको सट्टा हरित क्षेत्रको रूपमा विकास गर्न उत्प्रेरित हुने गरि तटबन्धमा लगानी गर्नुपर्छ, त्यस्तो निजी जग्गामा फलफूल बगैचा समेत व्यवस्थापन गर्न सकिन्छ।

(घ) कतिपय नदी तथा खोला किनारमा तटबन्ध निर्माण नगरी पनि नदी कटान नियन्त्रण गर्न नदी/खोला को दुवै किनारा तर्फ हरित पेटी निर्माण गर्न सकिनेछ।

(ङ) उपभोक्ता समिति गठन तथा छनौट पश्चात समितिका प्राविधिकको सहयोगमा हरित पेटिका निर्माण गर्ने क्षेत्रको सर्वेक्षण तथा नक्सांकन कार्य गरी लागत अनुमान तयार गरिनेछ।

(च) गठित उपभोक्ता समितिले लागत अनुमान बमोजिम हरित पेटिका निर्माण गर्नेछ। यस शिर्षकको रकम हरित पेटिका क्षेत्रको तारबार गर्न, बृक्षरोपण गर्न र संरक्षणको निमित खर्च गर्न सकिने छ।

(छ) लागत अनुमान बमोजिमका बिरुवा खरिद तथा ढुवानीको कार्य कार्यान्वयन निकायबाट पनि गर्न सकिनेछ।

### ३.३.२. ध्यान दिनुपर्ने विषयः

(क) हरित पेटिको संरक्षण र सदुपयोगको लागि उपभोक्ता समिति गठन गरी सम्बन्धित निकायमा दर्ता गराउन सकिने छ। मौजुदा समूह / समिति / संस्थाहरू भएमा सोहीलाई प्राथमिकता दिइने छ। नीजि जग्गाको हकमा सम्बन्धित जग्गा धनी समेतलाई जिम्मेवार बनाई कार्यक्रम संचालन गर्न सकिनेछ।

(ख) रोपिएका बिरुवाहरूको स्याहार र संरक्षण अनिवार्य शर्त हुनेछ।

## ३.४. भुमिगत जल पुनर्भरण र सतह मुनिको पानी उपयोग (चुरे तथा भावर क्षेत्रमा)

चुरे तथा भावर क्षेत्र प्राकृतिक रूपमा नै पानीको पुनर्भरण क्षेत्र हो। तसर्थ वर्षातको पानी जमिनभित्र बढी भन्दा बढी प्रवेश गराई भुमिगत जलको मात्रा अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। भावर क्षेत्रमा सतहमा पानी नदेखिने तर जमिनभित्र पानीको बहाव रहने भएकोले यस्ता पानीको सतह उकास गरी भुमिगत

जल उपभोगमा वृद्धि गर्नु यस कार्यक्रमको अर्को उद्देश्य रहेको छ। यसका लागि जल पुनर्भरण पोखरी, पानीको सतह उकास गर्न जमिनभित्र बाँध आदि जस्ता संरचनाहरू निर्माण गर्न सकिनेछ।

३.४.१. **कार्यक्रम संचालन प्रक्रियाः**

(क) यो क्रियाकलाप संचालनका लागि स्थान छनौट पश्चात लागत ईस्टीमेट तयार गरी कार्य संचालन गरिने छ।

(ख) यसरी बनाईएका पोखरीहरूमा माछा पालन, सिचाई, पर्यापर्यटन र अन्य घरायसी प्रयोजनमा उपयोग गर्न सकिनेछ। पोखरी निर्माण गर्दा प्राकृतिक सुन्दरतालाई नबिगारी र बन्यजन्तुलाई समेत सहज हुनेगरी संरचना निर्माण गर्नुपर्नेछ।

३.४.२. ध्यान दिनुपर्ने विषयः

(क) यो कार्यक्रम सञ्चालन गर्दा समितिवाट गरिएको Aquifer Mapping and Sensitivity Analysis in Watershed System of Chure Region सम्बन्धमा भएको अध्ययनले सिफारिस गरेका स्थलहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ख) स्थान छनौट गर्दा स्थानीय वासिन्दाहरूसँग छलफल गरी जानकार व्यक्तिहरूको संलग्नतामा स्थान छनौट गर्नुपर्नेछ।

(ग) पोखरीहरूको उपयोगको विषयहरू समेत हुने भएकोले स्थानीय तहको सहकार्यमा कार्य संचालन गर्दा प्रभाकारी हुनेछ।

३.५. <u>भिरालो जग्गामा बहुवर्षीय (फलफूल) खेती</u>

चुरे क्षेत्रको भू-बनौटको अवस्था हेर्दा कम खनजोत भए पुग्ने खालको बाली उपयुक्त हुने देखिन्छ। तसर्थ चुरेका भिराला भू-भागहरूमा रहेका (सरकारी, सार्वजनिक तथा नीजि) जग्गामा बहुबर्षीय (फलफुल) खेती गरी भू-क्षय नियन्त्रणको साथसाथै रोजगारी र उत्पादनमा बृद्दि गरी सिमान्तकृत कृषकहरूको जीविकोपार्जनमा सहयोग पुर्‍याउने, भिरालो पाखा हरियाली र वातावरणीय संरक्षणमा सहयोग पुग्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

३.५.१. **कार्यक्रम संचालन प्रक्रियाः**

(क) यो कार्यक्रम संचालन गर्न सम्वन्धित सरोकारवालाहरूसंगको समन्वयमा संभाव्य क्षेत्र पहिचान गरी उपयुक्त जात तथा प्रजातिहरू समेत निश्चित गर्नु पर्नेछ।

(ख) यस किसिमको क्षेत्र पहिचान गर्दा सम्वन्धित स्थानीय तहको भोगाधिकार रहेको क्षेत्र वा सामुदायिक वन क्षेत्र, क्षतिग्रस्त भूमि वा नदी उकास जग्गालाई प्राथमिकता दिइनेछ।

(ग) सार्वजनिक जग्गाहरूको हकमा रोपिएका बिरुवा संरक्षणको लागि घेराबारको समेत व्यवस्था गर्न सकिनेछ।

(घ) लागत अनुमान बमोजिमका फलफुलका विरुवा खरिद तथा ढुवानीको कार्यमा आवश्यकता अनुसार सहयोग र सहजीकरण गर्न सकिनेछ।

३.५.२. ध्यान दिनुपर्ने विषयः

सार्वजनिक जग्गाहरूमा रोपण गरिएका बोटबिरुवाहरूबाट हुनसक्ने आम्दानीको व्यवास्थापनको लागि स्थानीय सरकार, सामुदायिक वन तथा अन्य उपलब्ध संस्थाहरूलाई समेत साझेदार बनाउन सकिनेछ।

३.६. <u>ताल तलैया/संरक्षण पोखरी/रिचार्ज पोखरी निर्माण, संरक्षण तथा व्यवस्थापन/सौन्दर्यकरण/जिर्णोद्वार</u>

चुरे भावर तथा तराई क्षेत्र अन्तर्गत रहेका विभिन्न ताल तलैयाको संरक्षण कार्य संचालन गर्न यो कार्यक्रम राखिएको हो। ताल तलैया, संरक्षण पोखरी, रिचार्ज पोखरी जस्ता सिमसारहरू सतही पानीको स्रोत मात्र नभई भूमिगत जल पुनर्भरण (Ground water recharge) का निर्विकल्प माध्यम समेत हुन्। जैविक विविधता, सांस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका चुरे-तराई मधेस क्षेत्रमा रहेका सिमसारहरूको नक्शांकन प्राथमिकताको आधारमा क्रमशः संरचना निर्माण, जिर्णोद्धार, संरक्षण र व्यवस्थापन गरिने छ। सिमसार नीति २०६९ का प्रावधानहरुलाई संरक्षण, सदुपयोग र लाभ बाँडफाँडको आधार बनाई कार्य सञ्चालन गर्नु पर्नेछ

३.६.१. **कार्यक्रम संचालन प्रक्रिया:**

(क) यस अन्तर्गत ताल तलैया संरक्षण, संरक्षण पोखरी निर्माण, रिचार्ज पोखरी निर्माण तथा पुराना ताल तलैयाहरूको जिर्णोद्वार गरी सौन्दर्यकरण समेत गर्न सकिनेछ। सौन्दर्यकरण गर्दा प्राकृतिक तथा सांस्कृतिक सुन्दरता नबिगारी गर्नुपर्नेछ।

(ख) स्थलगत अवलोकन गरि सञ्चालन गर्न सकिने क्रियाकलापहरूको एकिन तथा स्थान छनौट गर्ने।

(ग) स्थानीय स्रोत साधन र सीपको प्रयोगमा वृद्धि गरी रोजगारी बढाउने।

(घ) स्थानीय उपभोक्ता तथा स्थानीय तहसङ्ग समन्वय गरी लागत अनुमान तयार स्वीकृत गरी कार्यक्रम संचालन गर्ने।

३.७. **बाँस/घाँस/अम्रिसो तथा अन्य बिरुवा रोपण तथा व्यवस्थापन**

चुरे भावर तथा तराई क्षेत्रमा रहेका भू-क्षय, भू-स्खलन, वन विनास, विकास निर्माण लगायतबाट क्षतिग्रस्त तथा नदी उकास क्षेत्रहरूमा बाँस, घाँस, अम्रिसो लगायतका बिरुवाहरू रोपण गरी क्षतिग्रस्त जमिनको पुनर्स्थापना तथा नदी कटान नियन्त्रण र हरियाली कायम गर्न यो कार्यक्रम राखिएको हो।

३.७.१. **कार्यक्रम संचालन प्रक्रिया:**

(क) यो कार्यक्रम संचालन गर्न प्राविधिकहरूद्वारा उपयुक्त स्थान छनौट तथा सर्वेक्षण कार्य गरि लागत अनुमान तयार गरिनेछ।

(ख) लागत अनुमान बमोजिमका बिरुवा खरिद तथा ढुवानीको कार्य कार्यान्वयन निकायबाट पनि गर्न सकिनेछ।

३.७.२. **ध्यान दिनुपर्ने विषय:**

(क) यो कार्यक्रम संचालन गर्दा उपल्लो तट स्थित भू-क्षय र पहिरो (भू-स्खलन) ग्रस्त स्थलहरुलाई प्राथमिकता दिनुपर्नेछ।

(ख) रोपिएका बिरुवाको कम्तिमा ६ महिनासम्म रेखदेख गर्न लागत अनुमानमा नै व्यवस्था गर्नु पर्नेछ।

३.८. **तारबार सहित वृक्षरोपण**

चुरे-तराई क्षेत्रमा चरिचरनको ठुलो समस्या तथा जंगली जनावरहरूको अनियन्त्रित आवागमन हुने भएकोले यस्ता स्थानहरूमा भए गरेका वृक्षरोपण कार्यको लगानी अनुरूप प्रतिफल नआउने / नदेखिने भएकोले त्यस्ता क्षेत्रहरूमा भू-क्षय न्यूनिकरणमा टेवा पुग्ने, नदी उकास तथा खेर गएका जग्गा वा क्षतिग्रस्त जग्गाहरूमा तारबार सहितको वृक्षरोपणबाट हरियाली कायम गरिराख्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो।

३.८.१. **कार्यक्रम संचालन प्रक्रिया:**

(क) यो कार्यक्रम संचालन गर्न प्राविधिकहरूद्वारा उपयुक्त स्थान छनौट तथा सर्वेक्षण कार्य गरि लगत अनुमान तयार गरिनेछ।

(ख) लागत अनुमान बमोजिम वृक्षरोपणका लागि चाहिने बिरुवा कार्यान्वयन निकायको नर्सरीबाटै उपलब्ध गराईने छ। नर्सरीमा रहेका बिरुवा रोपण योग्य भई नसकेको अवस्थामा चाहिने जति बिरुवा खरिद तथा ढुवानीको कार्य कार्यान्वयन निकायबाट पनि गर्न सकिनेछ।

३.८.२. **ध्यान दिनुपर्ने विषय:**

(क) रोपिएका बिरुवा नसर्दासम्म (कम्तिमा ६ महिना) तारबारको रेखदेख, सिंचाई र गोडमेलका लागि हेरालुको व्यवस्था लागत अनुमानमा नै गर्नु पर्नेछ।

३.९. **नदी उकास जग्गामा तारबार सहितको वृक्षरोपण**

चुरे क्षेत्र अन्तर्गत खाली रहेका सरकारी, सार्वजनिक तथा नीजि जग्गामा फलफुल खेती विस्तार गरी भू-क्षय नियन्त्रणको साथसाथै रोजगारी र उत्पादनमा वृद्दि गरी स्थानीयको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

३.९.१. **कार्यक्रम संचालन प्रक्रिया:**

(क) यो कार्यक्रम संचालन गर्न फलफुल खेती गर्न सकिने संभाव्य क्षेत्रको पहिचान गर्नु पर्नेछ।

(ख) सम्भाव्य क्षेत्र पहिचान गर्दा सम्वन्धित स्थानिय तहको भोगाधिकार रहेको क्षेत्र वा सामुदायिक वन क्षेत्र, क्षतिग्रस्त भूमि वा नदी उकास जग्गा लाई प्राथमिकता दिइनेछ।

(ग) यो कार्यक्रम नीजि भोगचलनको जग्गामा समेत सञ्चालन गर्न सकिनेछ।

(घ) यो क्रियाकलाप संचालनका लागि स्थान छनौट गर्दा सम्वन्धित सरोकारवालाहरूसङ्ग समन्वय गरिनेछ।

(ङ) फलफुलका विरुवाहरू खरिद गर्दा कृषि प्राविधिकहरूले प्रमाणित गरेका, नर्सरीमा कम्तिमा एक वर्ष रहेका पुराना विरुवा खरिद गरि वितरण गर्नु पर्नेछ

(च) विरुवा प्राप्त गर्ने व्यक्ती वा समुहले ती फलफुलका विरुवाहरू आफ्नो निजी जग्गा वा वन क्षेत्रको खाली जग्गामा लगाउनु पर्नेछ।

(छ) विरुवा छनौट गर्दा स्थानीय वातावरणमा हुर्कन सक्ने र छिटो उत्पादन दिने खालका प्रजाति छनौट गर्नु पर्नेछ।

(ज) लागत अनुमान वमोजिम आवश्यक पर्ने फलफुलका विरुवा खरिद तथा ढुवानीको कार्य कार्यान्वयन इकाईबाट पनि गर्न सकिनेछ।

### ३.९.२. ध्यान दिनुपर्ने विषयः

(क) रोपिएका विरुवा नसर्दासम्म (कम्तिमा ६ महिना) तारबारको रेखदेख, सिंचाई र गोडमेलका लागि हेरालुको व्यवस्था लागत अनुमानमा नै गर्नु पर्नेछ।

## ३.१०. जैविक प्रविधि मार्फत सडक पाखो संरक्षण

चुरे क्षेत्र अन्तर्गत संचालन हुने विकासका पूर्वाधार निर्माण कार्य अन्तर्गत सडक निर्माण कार्य प्रमुख हो। उपलब्ध स्रोतका कारण निर्मित सडकहरू संरक्षणका संरचना विना नै निर्माण गरिने हुँदा यसबाट भू-क्षयको मात्रामा वृद्धि हुने सम्भावना अत्याधिक हुन्छ। यसले गर्दा गाउँवस्ती तथा खेतियोग्य जमिनमा क्षति पुग्नाको साथै निर्मित सडकमा समेत अत्याधिक क्षति पुग्न जाने गर्दछ। तसर्थ यस्ता अव्यवस्थित सडकका तल माथिका पाखाहरूमा वृक्षरोपण गरेर वा अन्य ससाना जैविक संरचनाहरू निर्माण गरेर संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। विभिन्न प्रजातिका सौन्दर्य प्रदायक वोटविरुवाहरू रोपण तथा खाली रहेका सरकारी, सार्वजनिक तथा नीजि जग्गामा फलफुल खेती विस्तार गरी भू-क्षय नियन्त्रणको साथसाथै रोजगारी र उत्पादनमा वृद्दि गरी स्थानीयको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

### ३.१०.१. संचालन गर्न सकिने क्रियकलापहरूः

यस कार्यक्रम अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू गर्न सकिनेछ।

(क) यसमा अम्रिसो, भुजेत्रो, खसखस, खर, कास, बावियो, बाँस जस्ता घाँस तथा सिसौ, खयर जस्ता वहुउपयोगी वन प्रजाति रोपण गरिनेछ। कपुर, धुपी, विभिन्न प्रकारमा फूलहरू रोपण गरी सडक सौन्दर्य समेत अभिवृद्धि गर्न सकिनेछ। स्थानीय क्षेत्रको वातावरणमा हुर्कन सक्ने फलफूलका विरुवा खेती पनि गर्न सकिने छ।

(ख) पानीको वहाववाट सुरक्षित गर्न भिरालो सडकपाखामा समोच्चरेखा, फिसवोन आदि पद्धतिमा घाँस रोपण, जस्त कमखर्चिलो भू-संरक्षण प्रविधि अपनाउन सकिनेछ।

(ग) सडकमा जथाभावी वग्ने पानीको सुरक्षित निकासको लागि नालीको व्यवस्था गर्ने, रिपर्‍याप, स्टोन पिचिंग गर्ने र सडकपाखाका खोल्सीहरूको संरक्षणको लागि चेकड्याम, रिटेनिंगवाल, ब्रेस्टवाल जस्ता संरचनाहरू सडक निर्माण गर्ने निकायबाट गर्ने गरी अन्य जैविक संरचनाहरू पनि निर्माण गर्न सकिनेछ।

### ३.१०.२. कार्यक्रम संचालन प्रक्रियाः

(क) स्थलगत निरिक्षण गरी उपयुक्त क्रियाकलापको छनौट गर्ने।

(ख) वृक्षरोपणको लागि उपयुक्त प्रजाति तथा संरक्षणको लागि उपयुक्त संरचना छनौट गर्ने।

(ग) वृक्षरोपण गर्दा संरक्षणको लागि आवश्यक परेमा बार बन्देज समेत गर्न सकिनेछ।

OCTOBER 9 2024

नेपाल सरकार राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर

### ३.१०.३. ध्यान दिनुपर्ने विषयहरू:

(क) वृक्षरोपणका लागि हलुका तथा सदावहार प्रजातिका विरुवाहरू छनौट गर्ने।

(ख) यातायात आवागमनमा सहजताका लागि मध्यम साईजका रुखविरुवाहरू रोपण गर्नुपर्नेछ।

(ग) वृक्षरोपणको लागि विरुवा छनौट गर्दा हुरीबतासबाट सडकमा दुर्घटना हुने किसिमका विरुवा वृक्षरोपण गर्न पाइने छैन।

### ३.११. पर्यापर्यटन प्रवर्धन

चुरे-तराई मधेश क्षेत्र विशिष्ट भूगोल, जैविक विविधता सहितको क्षेत्र हो। नेपालको करीव आधा जनसंख्या यसै भू-भागमा आश्रित रहेको छ। जनकपुर, लुम्बिनी जस्ता सांस्कृतिक महत्वका स्थानहरू पनि यसै क्षेत्रमा पर्दछ। यसरी यस क्षेत्रमा रहेको विशिष्ट भूगोल, जैवीक विविधता, साँस्कृतिक महत्वका स्थानहरूमा पर्यटकीय सम्भावना प्रचुरता रहेका छन्। संरक्षणका लगानिका साथमा केही लगानी थप गर्दा पर्यापर्यटनमा अभिवृद्धि भई स्थानिय समुदायको आयआर्जनमा समेत टेवा पुग्नजाने हुँदा संरक्षण कार्य सँगसँगै पर्यापर्यटन विकास कार्यमा समेत सहयोग पुर्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ।

### ३.११.१. संचालन गर्न सकिने क्रियकलापहरू:

यस कार्यक्रम अन्तर्गत निम्नानुसारका क्रियाकलापहरू गर्न सकिनेछ:-

(क) सिमसार क्षेत्रहरूको विकास तथा विस्तार।

(ख) बनस्पति उद्यानहरूको विकास तथा विस्तार।

(ग) चिडियाखाना, प्राकृतिक या सांस्कृतिक पदमार्ग तथा बगैंचा/ फूलवारी आदि जस्ता पर्यटन पूर्वाधारहरूको विकास तथा सौन्दर्यकरण।

(घ) तालतलैया, सिमसार क्षेत्रमा जलयात्राका पूर्वाधार विकास।

(ङ) सिमसारमा आधारित नमूना पर्यटन विकास कार्यक्रमहरू।

### ३.११.२. कार्यक्रम संचालन प्रक्रिया:

(क) सम्वन्धित स्थानीय तहसँग साझेदारीको लागि कार्यक्रमबारे जानकारी गराउने।

(ख) स्थलगत अवलोकन गरि पर्यापर्यटन विकासको लागि गर्न सकिने स्थान तथा क्रियाकलापहरूको छनौट गर्ने।

### ३.११.३. ध्यान दिनुपर्ने विषयहरू:

(क) निर्मित संरचनाहरूले पर्यापर्यटनमा भूमिका खेल्न सक्ने नसक्ने बारेमा विवेचना गर्नुपर्ने र त्यस्ता संरचनाको सहि सदुपयोग र दिगोपना एवं पर्यटन पूर्वाधार विकास कार्यको निरन्तरताको लागि स्थानीय तहसँग सम्झौताका साथ साझेदारी गर्न सकिनेछ।

(ख) स्थानीय कृषि उत्पादन, घरेलु उत्पादबाट पाउन सकिने मूल्य सम्वन्धमा स्थानीय समुदायलाई जानकारी गराई उत्पादन बढाउन अभिप्रेरित गराउने।

(ग) तालतलैया र सिमसार क्षेत्रका प्राकृतिक वातावरण, जैविक विविधता, वन्यजन्तुको जीवन प्रणालीमा नकारात्मक प्रभाव पर्ने अवस्था भएमा जलयात्रा लगायतका पूर्वाधार विकास गर्नुहुँदैन।

(घ) यस्ता कार्यक्रम संचालनमा रड, सिमेन्ट, ब्लक, जस्ता निर्माण सामाग्रीको प्रयोग निरुत्साहित गरिने छ।

### ३.१२. जैविक वातावरणीय एवम् भू-स्खलनको हिसावले अति संवेदनशील रहेका वन क्षेत्र (Hot Spot) को तारवार सहित पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन

चुरे क्षेत्रमा रहेका वन क्षेत्र अन्तर्गत जैविक वातावरणीय एवम् भू-स्खलनको हिसावले अति सम्वेदनशील वन क्षेत्रहरूमा तारवार गरी संरक्षण गर्ने र पुनरोत्पादन क्षमता बढाई वन क्षेत्रको हैसियत वृद्धि तथा विकास गर्न यो कार्यक्रम राखिएको हो।

### ३.१२.१. क्षेत्र छनोटका आधारहरू:

यो कार्यक्रम संचालन गर्न क्षेत्र छनौट गर्दा निम्न आधार लिनु पर्नेछ:-

(क) बाढी, पहिरो र भू-स्खलन रोकथामको लागि संरक्षण गर्नुपर्ने वन क्षेत्र।

(ख) अतिक्रमित वा अतिक्रमणको चपेटामा पर्न सक्ने वन क्षेत्र।

(ग) कम हैसियतको वनमा पुनरुत्पादन तथा चरिचरनबाट संरक्षण गर्नुपर्ने वनक्षेत्र।

(घ) नदी किनारको नदी उकास क्षेत्र पनि हट-स्पट क्षेत्रहरू हुन सक्नेछ।

(ङ) जैविक विविधता प्रवर्द्धन हुन सक्ने क्षेत्र।

**३.१२.२. कार्यक्रम संचालन प्रक्रिया:**

(क) छनौट गरिएका क्षेत्रको सर्वेक्षण गरि लागत अनुमान तयार गर्ने।

(ख) लागत अनुमान बमोजिम कार्यक्रम संचालन हुने सामुदायिक वन / साझेदारी बनको क्षेत्र भएमा सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता गरी वा उपभोक्ता समिति गठन गरि सम्झौता पश्चात कार्य संचालन गरिनेछ।

(ग) वृक्षरोपण वा पुनरुत्पादन संरक्षण कार्यको लागि तारबार समेत गर्न सकिनेछ।

(घ) चरीचरन, वन डढेलोबाट वृक्षरोपण गरिएका बिरुवाहरू वा पुनरोत्पादन संरक्षण गर्न हेरालु राख्न सकिनेछ।

**<u>३.१३. कृषि वन प्रवर्धन</u>**

चुरे क्षेत्रमा कृषि वन प्रणाली बिकास तथा विस्तारको लागि यो कार्यक्रम राखिएको हो। नदी प्रणालीमा सञ्चालित संरक्षण कार्यबाट उकास भएका नदी उकास जग्गा, सामुदायिक, सार्वजनिक, नीजि, संस्थागत, अतिक्रमणबाट फिर्ता भएका तथा हैसियत बिग्रिएका बन क्षेत्रहरूमा यो कार्यक्रम संचालन गर्न सकिनेछ। यसबाट हरियाली प्रवर्धनका साथै भूक्षय नियन्त्रणमा समेत सहयोग पुग्नेछ। स्थानीय स्तरमा रोजगारी तथा भुमि उत्पादकत्वमा वृद्धि गरी स्थानीय सिमान्तकृत वर्गको जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुर्याउन समेत यस कार्यक्रमले सहयोग पुर्याउन सक्नेछ।

**३.१३.१. कार्यक्रम संचालन प्रक्रिया:**

(क) कार्य संचालनका लागि क्षेत्र छनौट गर्ने।

(ख) कार्यक्रम संचालन गर्दा समितिबाट तयार गरिएको **कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि** २०७६, वन तथा वातावरण मन्त्रालयबाट तयार गरिएको **नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०७७ र समितिबाट आ.व. २०७६/७७ मा गरिएको Developing Agroforestry Models in the Chure conservation Area सम्बन्धमा भएको अध्ययनले सिफारिस गरेका प्रकृया तथा प्रविधिहरू अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ग) यस प्रकारका कार्यक्रमका लागि कार्यक्रमको प्रकार र औचित्य हेरी समितिका तर्फबाट प्रति हेक्टर दुईलाख रुपैयाँसम्म उपलब्ध गराउन सकिनेछ।

**<u>३.१४. रेन वाटर/रन अफ हार्वेस्टिङ्ग ड्याम</u>**

वर्षातको पानीको बहाव कम गरी माटो, गिट्टी, ग्रेगर, बालुवा बग्न नदिन चुरे पहाडको भिरालो स्थानमा पानी बग्ने खोल्सीको तलतिर ड्याम बनाई पानीको वहाव न्युन गर्नु पर्दछ। पुन त्यस स्थानबाट तल विस्तारै पानी बगेपछि अर्को ड्याम बनाउनु पर्छ र पानी बग्ने खोल्सीहरूमा छेकबाँध बनाउनु पर्छ। चुरेको उपल्लो क्षेत्रहरूमा र गल्छी बनेको क्षेत्रहरूमा पानी र माटो Trap गरि Runoff न्यूनीकरण गर्नाले Sedimentation Load मा कमि आई तल्लो क्षेत्रमा कटान र पुरिने कार्य न्यूनीकरण हुनेछ। यसरी समितिको स्थापनाकाल देखिको मूल नारा "चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई" भन्ने नारा कार्यन्वयन हुनेछ।

**३.१४.१. कार्यक्रम संचालन प्रक्रिया:**

(क) चुरे पहाडको फेंदमा पाईने प्राकृतिक रूपले तीनतिर उच्च भाग भएको र एकातर्फ मात्र बाँध बनाउँदा पोखरी तयार हुने खोल्सीहरूमा तलदेखि माथिसम्म लहरै पोखरी निर्माण गर्न सकिनेछ।

(ख) कार्यान्वयन निकायले रेन वाटर/रन अफ हार्वेस्टिङ्ग ड्यामको लागत अनुमान तयार गर्नु पूर्व उपयुक्त स्थानको पहिचान गरि स्थलगत निरीक्षण, प्राविधिक तथा सामाजिक अवस्थाको विश्लेषण सहित सर्वेक्षण गर्नुपर्नेछ।

(ग) स्वीकृत बजेटको परिधि भित्र रही डिजाईन तथा लागत अनुमान तयार गरी सो को आधारमा कार्य संचालन गरिने छ।

३.१४.२. ध्यान दिनुपर्ने विषयहरूः-

(क) यस कार्यक्रम अन्तर्गत निर्मित पोखरीहरू पनि अन्य उद्देश्य जस्तै माछा पालन, सिंचाई, खानेपानी आदिमा समेत प्रयोग गर्न सकिने भएको हुँदा कार्यक्रमको सम्झौताको चरणमा नै यस विषयमा विचार गर्न सक्नु पर्नेछ।

(ख) खोला, खहरेको अवस्था हेरी डिजाईन तयार गर्नु पर्नेछ।

३.१५. <u>सिंचाई कुलो निर्माण</u>

सुख्खा क्षेत्रको रूपमा परिणत हुँदै गईरहेको चुरे क्षेत्रमा पानीमा पहुँच बढाउन वा पानीको उपयोगिता बढाउन पुराना सिंचाई कुलो तथा मुहानहरू मर्मत वा नयाँ सिंचाई कुलोहरू निर्माण गरेर सिंचित क्षेत्र विस्तार गरी भूमी उत्पादकत्वमा वृद्धि गर्न सहयोग पुर्याउन यो कार्यक्रम राखिएको हो।

३.१५.१. कार्यक्रम संचालन प्रक्रियाः

(क) यो कार्यक्रम संचालनका लागि प्राविधिकहरूद्वारा स्थलगत अवलोकन गरी सम्भाव्य स्थान छनौट गरिनेछ।

(ख) सम्भाव्य स्थान छनौट पश्चात लाभग्राही समुदायसँग समन्वय गरी गर्नु पर्ने क्रियाकलापहरू छनौट गर्ने।

(ग) प्राविधिक सर्भेक्षण गरी उपलब्ध बजेटको आधारमा लागत अनुमान गरी कार्यक्रम संचालन गर्ने।

३.१५.२. ध्यान दिनुपर्ने विषयहरूः

पानी उपयोग संरचना निर्माणको साथसाथै कृषि कार्यको लागि समन्व गर्न सकेको खण्डमा भुमि उत्पादकत्व वृद्धि गराउने उद्देश्य हासिल गर्न सहज हुनेछ।

<u>३.१६. वन विरुवा उत्पादन/खरिद तथा वितरण</u>

चुरे क्षेत्रको प्रमुख समस्यको रूपमा रहेको भू-क्षय नियन्त्रणको सरल र सुपथ विधि भनेको वृक्षरोपण नै हो। यसका लागि खाली रहेको वन क्षेत्र तथा जनसमुदायको जग्गमा बृक्षारोपण गरी, वन क्षेत्र बाहिर समेत वन बिकस गर्नु पर्नेछ। यसरी वृक्षरोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न कार्यक्रम कार्यान्वयन इकाईहरू मार्फत विरुवा उत्पादन वा खरिद गरी वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरू जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरू आदीमा जनसहभागीता परिचालन गरी वृक्षरोपण गर्न अभिप्रेरित गरिनेछ।

३.१६.१. कार्यक्रम संचालन प्रक्रियाः

(क) कुन कुन प्रजातिका बिरुवाहरूको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र बृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकीन गर्ने साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्ने।

(ख) विरुवा उत्पादनको कार्यदिशामा कुन कुन प्रजातिका कति बिरुवा उत्पादन गर्ने हो स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(ग) गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुख बिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ। उपलब्ध भएसम्म वन सम्वर्धन महाशाखाबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नु पर्नेछ।

(घ) यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा बृक्षारोपण, चुरे दिवस, वातावरण दिवस, वन महोत्सब जस्ता कार्यक्रमहरूमा सर्वसाधारणहरूलाई नीजि जग्गामा बृक्षरोपणका लागि वितरण गरिनेछ।

(ङ) विरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने ईन्धन, मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ। सो को लागि पहिला नै लागत इस्टिमेटमा खुलाउनु पर्नेछ।

(च) विरुवा उत्पादन भई वितरण गर्दा विरुवा वितरण रजिष्टरमा लगत राख्नु पर्नेछ। वितरण गरिएका विरुवाको विस्तृत विवरण अद्यावधिक गरी प्रगति प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

(छ) कार्यालयबाटै विरुवा उत्पादन गर्न नसकिएमा वा सम्भव नभएमा विरुवा उत्पादक नर्सरीहरूबाट समेत विरुवा खरिद गरी वितरण गर्न सकिनेछ।

(ज) उत्पादन भएका रोपण योग्य विरुवाहरू मात्र वितरण गरिनेछ। वितरण भई बाँकि रहेका विरुवाहरू नर्सरीमै मौज्दात राखी संरक्षण गरिनेछ।

**३.१६.२. कार्यक्रम सम्पन्न भए पछि प्रगतिमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः-**

(क) उत्पादित वा खरिद भएका विरुवाहरूको जात र संख्या

(ख) वितरणको लगत (सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न)

(ग) विभिन्न क्रियाकलापहरूको फोटो

**<u>३.१७. नर्सरीमा विरुवा उत्पादनको लागि नर्सरी नाइकेको ज्याला</u>**

कार्यक्रम कार्यान्वयन इकाईहरूबाट संचालन भईरहेको स्थायी नर्सरी तथा बहुवर्षिय विरुवा उत्पादन गर्ने नर्सरीहरूमा वर्ष भरी नै विरुवा उत्पादन तथा सरक्षण लगायतका काम गर्नुपर्ने हुन्छ। यसका लागि नर्सरीमा काम गर्न तालिम प्राप्त नर्सरी नाईके भर्ना गरी वर्षभरी नै काममा लगाई पारिश्रमिक (ज्याला) उपलब्ध गराउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको छ।

**३.१७.१. कार्यक्रम संचालन प्रक्रियाः**

(क) उपलब्ध वजेट र स्थायी नर्सरीको संख्यको आधारमा आवश्यक नर्सरी नाईके संख्या तथा मासिक ज्यालदर कायम गरी लागत इष्टिमेट तयार गर्ने।

(ख) सोको आधारमा नर्सरी नाईके नियुक्त गर्ने।

(ग) आवश्यकता अनुसार नर्सरी नाईकेलाई विरुवा उत्पादन तथा संरक्षणका विषयमा प्रशिक्षण दिने।

**<u>३.१८ बाँसको कलमी विरुवा उत्पादन / खरिद तथा वितरण</u>**

चुरे भावर तथा तराई क्षेत्रमा रहेका क्षतिग्रस्त तथा नदी उकास क्षेत्रहरूमा बाँसका कलमी विरुवाहरू रोपण गरी क्षतिग्रस्त जमिनको पुनर्स्थापना तथा नदी कटान नियन्त्रण र हरियाली कायम गर्न यो कार्यक्रम राखिएको हो। यसबाट क्षतिग्रस्त भुमिको उत्पादकत्वमा समेत बृद्धि हुनेछ।

**३.१८.१. कार्यक्रम संचालन प्रक्रियाः**

(क) यो कार्यक्रम संचालन गर्न प्राविधिकहरूद्वारा उपयुक्त स्थान छनौट तथा सर्वेक्षण कार्य गरि लगत अनुमान तयार गरिनेछ।

(ख) लागत अनुमान बमोजिम स्वीकृत बजेटको परिधि भित्र रही कलमी विरुवा कार्यक्रम कार्यान्वयन इकाईबाटै उत्पादन गर्न वा खरीद गर्न सकिनेछ।

(ग) उत्पादन भएका रोपण योग्य विरुवाहरू मात्र वितरण गरिनेछ। वितरण गरी बाँकि रहेका विरुवाहरू नर्सरीमै मौज्दात राखी आगामी वर्षको लागि संरक्षण गरिनेछ।

**३.१८.२ ध्यान दिनुपर्ने विषयः**

विरुवा खरीद गर्ने वा नर्सरीमा उत्पादन गर्ने भन्ने विषयमा स्पष्ट निर्णय गरी सोही अनुरूप कार्यक्रम संचालन गर्नु पर्नेछ।

**<u>३.१९ क्षतिग्रस्त भुमि पुनरुत्थान</u>**

बढ्दो वन विनास, खुल्ला चरिचरण, डढेलो, बाढी पहिरो, भू-क्षय लगायतका कारणले चुरे पहाडहरू दिनप्रति दिन क्षतिग्रस्त हुँदै गएका छन्। वनसँग जोडिएको वा नजोडिएका सार्वजनिक जग्गा अव्यवस्थित उपयोगले समेत क्षतिग्रस्त हुन पुगेको छ। यस्ता क्षतिग्रस्त जग्गाहरूको पुनरुथान गरि हरियाली अभिवृद्धि गर्नुका साथै उत्पादकत्व बढाई पुनरुत्थान गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत चुरे क्षेत्रको माटो

संरक्षण, हरियाली प्रवर्धन, पानीको स्रोत संचितिमा प्रभाव पार्ने र स्थानीय रोजगारी प्रवर्धन गर्ने प्रकृतिका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

३.१९.१ क्रियाकलापहरू:

(क) फलफूल रोपण

(ख) घाँस,बाँस अन्य विरुवा रोपण

(ग) वन प्रजातिका विरुवाहरू रोपण

(घ) पुनरोत्पादन (Regeneration) को लागि बार बन्देज व्यवस्थापन।

(ङ) गह्रा सुधार तथा सिंचाई व्यवस्थापन

(च) भुमिगत जल पुनर्भरण बृद्धिका लागि संरचनाहरू निर्माण

३.१९.२ कार्यक्रम संचालन प्रक्रिया:

(क) क्षतिग्रस्त जमिनहरूको मापन गरी कार्यसंचालन गर्ने क्षेत्र तय गर्ने।

(ख) सचालन गरिने कार्यक्रम बारे जानकारी गराई सम्वन्धित स्थानीय तहसंग समन्वय गर्ने।

(ग) स्थलगत अवलोकन गरि पुनरुत्थान क्रियाकलापहरू छनौट गर्ने।

(घ) स्थानीय उपभोक्तासंग समन्वय गरि प्राविधिकहरूबाट लागत अनुमान तयार गरी स्वीकृत गराएर कार्यक्रम संचालन गरिनेछ।

## ३.२० बिगत वर्षमा संचालित कार्यहरुको संरक्षण तथा मर्मत सम्भार

यो कार्यक्रम अन्तर्गत भएगरेका कामहरूको थप प्रभावकारीता एवं दिगोपना अभिवृद्धि गर्न आवश्यक व्यवस्थापन गर्ने उद्देश्यले राखिएको कार्यक्रम हो। सानातिना सहयोगमा स्थानिय समुदायहरू समेत परिचालन गरी संचालन गर्न सकिने निम्नानुसारका क्रियाकलापहरू यस कार्यक्रम अन्तर्गत संचालन गर्न सकिनेछ।

३.२०.१ क्रियाकलापहरू:

क) निर्मित ईन्जिनियरिंग संरचनाहरूको मर्मत् सम्भार

ख) वृक्षरोपण क्षेत्रको तारबार मर्मत्

ग) वृक्षरोपण क्षेत्रका मरेका विरुवाको ठाउँमा नयाँ रोपण र गोडमेल

घ) हेरालुद्वारा वृक्षरोपण क्षेत्रको संरक्षण

ङ) कार्यालय परिसरमा हरियाली प्रवर्धन तथा संरक्षणका लागि चौकिदार

३.२०.२ कार्य संचालन प्रक्रिया:

(क) संचालन गरिने क्रियाकलाप तथा स्थान एकीन गर्ने

(ख) आवश्यकता अनुसार जिम्मेवार सरोकारवालाहरूसँग छलफल

(ग) यो कार्यक्रम संचालन गरिने क्रियाकलाप अनुसार ठेक्काबाट, उपभोक्ता समूहबाट वा अमानतबाट संचालन गर्न सकिनेछ।

(घ) क्रियाकलापको प्रकृति अनुसार व्यक्तिसँग सम्झौता गरेर पनि यो कार्यक्रम संचालन गर्न सकिनेछ।

## ३.२१ जनताको रहर हरीत शहर कार्यक्रम

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको कार्यक्षेत्र भित्र पर्ने मुख्य शहरहरूमा हरियाली शहर बनाउन वृक्षरोपण गर्ने, शहरका सडकका पेटीहरूमा बाटो अवरोध नहुने गरी फुल फुल्ने, फल फल्ने र बास्नादार प्रजातिहरूको वृक्षरोपण गर्ने तथा शहरलाई हरियाली बनाई वातावरणीय संरक्षण बनाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो। यो कार्यक्रम कार्यक्रम कार्यान्वयन इकाइमार्फत कार्यान्वयन गरिने छ। शहरका टोल सुधार समिति, उपभोक्ता समिति र निजी घरपरिवार परिचालन गरेर वृक्षरोपण गरिने छ। शहरलाई हरियाली बनाउन स्थानीय तहसँगको समन्वय तथा माग र प्राथमिकताको आधारमा कार्यक्रम कार्यान्वयन गरिने छ।

३.२१.१ **कार्यक्रम कार्यान्वयन प्रक्रिया**

(क) समितिको कार्यक्षेत्र अन्तर्गतका प्रमुख शहरहरूसँग सम्बन्धित स्थानीय तह तथा सरोकारवाला समूहसँगको समन्वयमा शहरलाई हरियाली बनाउने स्थान छनौट गरी क्रियाकलापहरू पहिचान गरिने छ।

(ख) सरकारी, पर्ती तथा शहरका पेटीहरूमा हरियाली बनाउने प्रजातिका बिरुवाहरूको वृक्षरोपण गर्न उपभोक्ता समिति र सम्बन्धित प्राविधिकहरूसँगको परामर्शमा लागत अनुमान तर्जुमा गरिने छ।

(ग) यो कार्यक्रम निजी भोगचलनको जग्गामा समेत सञ्चालन गर्न सकिने छ।

(घ) शहरको वरिपरी, सडकका पेटीमा वृक्षरोपण गर्न बिरुवाहरू खरीद गर्दा प्राविधिकहरूले प्रमाणित गरेका, नर्सरीमा कम्तिमा एक वर्ष रहेका पुराना बिरुवा खरीद गरी वितरण गरिने छ।

(ङ) लागत अनुमान बमोजिम आवश्यक पर्ने हरियाली बनाउने प्रजातिका बिरुवा खरीद तथा दुवानीको कार्य कार्यान्वयन इकाईबाट गर्न सकिनेछ।

(च) यो कार्यक्रम कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरुबाट तयार गरिएको शहरी वन कार्यक्रम कार्यान्वयन कार्यविधिलाई पनि मार्गदर्शनको रुपमा लिइनेछ।

**३.22 नर्सरी स्तरन्नोती, व्यवस्थापन तथा फलफूल बिरुवा खरिद तथा वितरण**

चुरे क्षेत्रको प्रमुख समस्यको रुपमा रहेको भू-क्षय नियन्त्रणको सरल र सुपथ बिधि भनेको वृक्षरोपण नै हो। यसका लागि खाली रहेको वन क्षेत्र तथा जनसमुदायको जग्गामा बृक्षारोपण गरी वन क्षेत्र बाहिरसमेत वन विकास गर्नु पर्नेछ। यसरी वृक्षरोपण गरी रुखले ढाकेको क्षेत्रको विस्तार गर्न कार्यक्रम कार्यान्वयन इकाईहरु मार्फत बिरुवा उत्पादन वा खरिद गरी वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदीमा जनसहभागीता परिचालन गरी वृक्षरोपण गर्न अभिप्रेरित गरिनेछ। मौजुदा वन नर्सरीकोको स्तरोन्नती तथा क्षेत्र बिस्तारका कार्यहरु गरी गुणस्तरिय बिरुवा उत्पादन गरिनेछ।

३.२२.१ **कार्यक्रम संचालन प्रकृयाः**

कुन कुन प्रजातिका बिरुवाहरुको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र बृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकीन गर्ने साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्ने बिरुवा उत्पादनको कार्यदिशमा कुन कुन प्रजातिका कति बिरुवा उत्पादन गर्ने हो स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(क) गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुख बिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ। उपलब्ध भएसम्म वन सम्वर्धन महाशाखाबाट प्रमाणित गरिएको बीऊ खरिद वा संकलन गर्नु पर्नेछ।

(ख) यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा बृक्षारोपण, चुरे दिवस, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रमहरुमा सर्वसाधारणहरुलाई नीजि जग्गामा बृक्षरोपणका लागि वितरण गरिनेछ।

(ग) बिरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने ईन्धन, मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ। सो को लागि पहिला नै लागत इस्टिमेटमा खुलाउनु पर्नेछ।

(घ) बिरुवा उत्पादन भई बितरण गर्दा बिरुवा वितरण रजिष्टरमा लगत राखु पर्नेछ। वितरण गरिएका बिरुवाको बिस्तृत विवरण अद्यावधिक गरी प्रगति प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

(ङ) कार्यालयबाटै बिरुवा उत्पादन गर्न नसकिएमा वा सम्भव नभएमा बिरुवा उत्पादक नर्सरीहरुबाट समेत बिरुवा खरिद गरी वितरण गर्न सकिनेछ।

(च) उत्पादन भएका रोपण योग्य बिरुवाहरु मात्र वितरण गरिनेछ। वितरण भई बाँकि रहेका बिरुवाहरु नर्सरीमै मौज्दात राखी संरक्षण गरिनेछ।

**३.२२.२ कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बिषयहरु समावेश गर्नुपर्नेछः-**

(क) नर्सरी स्तरोन्नतीका लागि गरिएका कार्यक्रमहरु

(ख) उत्पादित बा खरिद भएका बिरुवाहरुको जात र संख्या

(ग) वितरणको लगत (सरकारद्वारा व्यबस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न)

(घ) विभिन्न क्रियाकलापहरुको फोटो

**३.२३ अन्य कार्यक्रमहरु**

स्वीकृत कार्यक्रममा समावेश भएका तर एक वा सो भन्दा धेरै प्रकारका क्रियाकलापहरु गर्नु पर्ने देखिएका कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पन्न गर्नु पर्ने कार्यको प्रकृति तथा आवश्यकता अनुसार माथि उल्लेख भएका २.१ देखि २.२३ सम्मा कार्यान्वयन प्रक्रिया अवलम्वन गरिनेछ।

## परिच्छेद-४
## अध्ययन अनुसन्धान सम्वन्धी कार्यक्रम कार्यान्वयन

चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ ले तोकेका विभिन्न उद्देश्यहरूलाइ सम्वोधन गर्नको लागि समिति, मन्त्रालय र राष्ट्रिय योजना आयोग समेतको परामर्श बमोजिम राखिएका विभिन्न अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरू कार्यान्वयन गर्दा निम्नानुसारका विधि तथा प्रकृया अवलम्वन गरिनेछ।

**४.१ कार्यक्रम संचालन प्रक्रियाः**

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिका बार्षिक कार्यक्रममा समावेश भएका चुरे संरक्षण र व्यवस्थापन सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्दा निम्नानुसारको कार्यविधीहरू अवलम्बन गर्नुपर्नेछ।

(क) बार्षिक कार्यक्रममा समावेश भएको अध्ययन अनुसन्धान कार्यक्रमहरूको कार्यक्षेत्रगत शर्तहरू (Terms of References) तयार गर्ने।

(ख) कार्यक्षेत्रगत शर्तहरूमा अध्ययन कार्यक्रमको उद्देश्यलाइ समेट्ने गरी अनुसन्धान कार्य सम्पन्न गर्नको लागि गर्नुपर्ने कार्यहरू जस्तैः अध्ययनका बिधिहरु, संकलन र तयार गर्नुपर्ने तथ्यांकहरु, अध्ययन कार्यको लागी आवश्यक पर्ने जनशक्ति, प्रतिवेदनको ढाँचा तथा समयरेखा लगायतका विषयहरु स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने।

(ग) कार्यक्षेत्रगत शर्तहरू तयार गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरूप हुने गरी समेत तयार गर्नु पर्ने।

(घ) कार्यक्षेत्रगत शर्तहरू अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने शाखा /परामर्श सेवा खरिद गरि तयार गर्न सकिने।

(ङ) कार्यक्रमको कार्यक्षेत्रगत शर्त (ToR) स्वीकृत भैसकेपछी सम्वन्धित शाखाले लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्दछ।

(च) लागत अनुमान तयार गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुने गरी परामर्श सेवाको लागी खर्च हुने र समितिबाट खर्च हुने लागत अनुमान स्पष्ट रूपमा छुट्टिने गरी तयार गर्नु पर्दछ।

(छ) लागत अनुमान तयारीको लागि प्रचलित सार्वजनिक खरिद नियमावलीमा उल्लेखित ढाँचा प्रयोग गर्नु पर्दछ।

(ज) लागत अनुमान स्वीकृती पश्चात अध्ययन अनुसन्धान कार्यक्रमको लागतको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपयुक्त खरिद प्रक्रिया अवलम्बन गरी परामर्शदाताको छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(झ) सचिवालय तथा इकाईबाट सम्पादन हुने अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरुको हकमा सार्वजनिक निकाय मार्फत खरिद गरिने परामर्श सेवाको लागि समितिको बोर्ड बैठक बसी सार्वजनिक निकाय छनौट गर्नुपर्नेछ।

(ञ) छनौट भएको सार्वजनिक निकायले प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ। पेश भएको प्रस्ताव समितिको पदाधिकारी समेतको उपस्थितिमा छलफल गरी सुझावहरु लिई परिमार्जित संस्करण पेश गर्नु पर्ने र सोही अनुसार कार्यहरु गर्नु पर्नेछ।

(ट) सचिवालय तथा इकाईबाट सम्पादन हुने अध्ययन अनुसन्धानका अन्तिम प्रतिवेदन तथा नदी प्रणाली स्तरीय एकीकृत स्रोत व्यवस्थापन (पञ्च वर्षीय) योजना समितिको बोर्ड बैठकले अनुमोदन गर्नु पर्नेछ।

(ठ) समितिका पदाधिकारी या कर्मचारीले यस्ता अध्ययन अनुसन्धानमा प्रमुख अनुसन्धाता या एक अनुसन्धाताको रूपमा विषयगत योग्यता र अनुभवका अधारमा कार्य गर्न सक्ने अवस्थामा संलग्न गराउनु पर्नेछ।

**४.२ विशेषज्ञ नियुक्ती**

अध्ययन अनुसन्धान तथा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा व्यवस्थापन तथा प्रशासकीय कार्यविधि नियमावली २०७१ अनुसार विशेषज्ञ नियुक्ती/छनौट गर्न सकिनेछ।

## परिच्छेद-५
## प्रचार प्रसार सम्बन्धी कार्यक्रम कार्यान्वयन

**५.१. <u>प्रचार प्रसार सम्बन्धी कार्यक्रम</u>**

**५.१.१. प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालन गर्दा निम्न लिखित विषयहरूमा ध्यान दिनुपर्ने छ:-**

(क) वन, वन्यजन्तु, जैविक विविधता र वातारणको संरक्षण सम्बन्धि जनचेतना अभिवृद्धि गर्न, सफल कार्यक्रमहरूको प्रचार प्रसार गर्न, वन पैदावारमा आत्मनिर्भर बनाउन, उपभोक्ताहरूको जिविकोपार्जनमा थप सहयोग गर्न, संचारजगतको आधुनिकतासंग समन्वय गरी कार्यालयबाट भएका कार्यहरूको सूचना प्रसारणलाई छिटो छरितो बनाउन आवश्यकता अनुसारको विभिन्न किसिमका प्रचार प्रसार सामग्री उत्पादन, वितरण तथा प्रसारण गर्नुपर्ने छ। प्रचार प्रसार सामग्री उत्पादन, वितरण तथा प्रसारण गर्दा सकभर स्थानीय परिवेश तथा भाषालाई प्राथमिकता दिनुपर्ने छ।

(ख) कार्यक्रमको सान्दर्भिकतालाई ध्यानमा राखेर जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धि विभिन्न सुचना तथा जानकारीहरू स्थानीय/क्षेत्रिय एफ.एम. तथा रेडियोसंग सम्झौता गरी चेतनामुलक सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ

(ग) अवलोकन भ्रमण गराउँदा सम्भव भएसम्म नजिककै नमुना स्थलहरूमा भ्रमण गराउनु पर्नेछ। जिल्ला बाहिर अवलोकन भ्रमण गराउनु पर्दा नमुना/सफल रहेका स्थापित कार्यक्रमहरूको भ्रमण गराउनु पर्ने छ। भ्रमण पश्चात् सो सम्बन्धि ज्ञान, सीप र शिक्षाको बारेमा समिक्षा गर्न तथा आदान प्रदान गर्न स्थानीय स्तरमा छलफल गराउनु पर्नेछ।

(घ) कार्यक्रम सम्पन्न भए पश्चात् कार्यालयको रेकर्डमा सम्पन्न गरिएको कार्यक्रमहरूको नाम र अन्य तथ्यगत सामग्री तथा विवरण, कार्यक्रमबाट लाभान्वीत जनसंख्या सम्बन्धी विवरण, कार्यक्रमबाट प्राप्त ठोस उपलब्धीहरू, उत्पादन गरिएको प्रचार प्रसार सामग्रीको संख्या, प्रसारण गरिएको भए प्रसारण मिति र साधन, उत्पादित सामग्रीको नमूना आदिको अभिलेखिकरण प्रष्ट भएको हुनुपर्ने छ।

(ङ) प्रचार प्रसार कार्यक्रमबाट भएका उपलब्धी तथा विशिष्ट उल्लेख्य नमुना/प्रगति मासिक तथा चौमासिक रूपमा पेश गर्नुपर्नेछ।

(च) प्रचार प्रसार र सोही प्रकृतिका अन्य कार्यहरू समेत गर्न सकिनेछ।

OCTOBER 9, 2024

५.१.२ जनशक्ति व्यवस्थापनः

माथिका कार्यक्रमहरू संचालनार्थ समितिको सार्वजनिक संचार सामाजिक परिचालन तथा प्रतिवेदन शाखा जिम्मेवार रहने छ। आवश्यक्ता अनुसार विज्ञताको आधारमा अन्य शाखा/कर्मचारीको समेत सहयोग लिई कार्य संचालन गरिनेछ।

## ५.२ चुरे संरक्षण सम्बन्धि बुलेटिन प्रकाशन (अर्धवार्षिक)

समिति र कार्यान्वयन निकायबाट संचालित चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन संग सम्बन्धित कार्यक्रमहरू, समिति तथा कार्यन्वयन निकायमा हुने तथा गरिने विभिन्न गतिविधिहरू, स्थलगत अनुगमन भ्रमणका गतिविधिहरू, सफल अभ्यासका कार्यहरू, जनचेतनामूलक गतिविधिहरू, समुदाय स्तरमा हुने चुरे संरक्षणका गतिविधिहरू, वातावरण संरक्षणका कार्यहरू, सम्बन्धित समाचारहरू, अध्ययन, अनुसन्धान, विचार, सवालहरू आदीका विविध पक्षहरू र सान्दर्भिक लेख रचनाहरू तयार गरी समितिको बुलेटिनको रूपमा प्रकाशन गर्न यो कार्यक्रम तय गरिएको हो। बुलेटिन प्रकाशनबाट समिति र अन्तर्गत कार्यालय तथा चुरे संरक्षण सम्बन्धि विविध गतिविधिहरूको अभिलेखीकरण हुनेछ साथै राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको बारे चासो राख्ने स्थानीय जनसमुदाय देखि सरोराकारवालाहरूलाई कार्यक्रमबारे जानाकरी प्राप्त गर्न सहज हुनेछ।

५.२.१ कार्यक्रम संचालन प्रक्रियाः

क. बुलेटिनमा प्रकाशित हुने सामग्रीहरूको संकलन गर्नेछ।

ख. सामग्री संकलन पश्चात सोको सम्पादन गरी प्रकाशन गरिने छ।

ग. बुलेटिन अर्धवार्षिक रूपमा प्रकाशन गरिने छ।

घ. बुलेटिन प्रकाशन पश्चात् आवश्यकता अनुसार सरोकावारवाला निकाय, इच्छुक संस्था/व्यक्तिलाई वितरण गरिने छ।

ङ. यसरी प्रकाशनको सिलसिलामा हुने खर्चहरू यसै शिर्षकबाट गर्नुपर्ने छ।

च. बुलेटिन तयार गर्नको लागि एक सम्पादक मण्डल गठन गरिने प्रकाशन गरिने बुलेटिनको प्रारूप तयार गराउन सकिनेछ।

## ५.३ वार्षिक क्यालेण्डर प्रकाशन तथा वितरण

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यक्रमहरूको प्रचार प्रसार गरी चुरे क्षेत्रमा भएका गतिविधि, फोटो लगायत संकलन गरी वार्षिक क्यालेण्डरमा समावेश गर्ने लक्ष्यका साथ यो कार्यक्रम राखिएको छ। साथै प्रकाशन पश्चात उक्त क्यालेण्डर चुरे क्षेत्रका सरोकारवालाहरू समक्ष वितरण समेत गरिनेछ। सेवा प्रदायक मार्फत आर्थिक ऐन नियम तथा कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने छ।

## ५.४ प्रेस क्लिपिंग संकलन तथा प्रकाशन

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको चुरे संरक्षण संबन्धी गुरुयोजनाले मार्गनिर्देशन गरे अनुसार चुरे संबन्धी विभिन्न गतिविधिहरू तथा पत्रपत्रिकाहरुमा प्रकाशित समाचार एकमुष्ठ संकलन तथा प्रकाशन गरी भविष्यमा दस्तावेजको रूपमा राख्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ।

५.४.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) सेवा प्रदायक (प्रेस काउन्सिल नेपाल) संग संझौता गरी चुरेका विभिन्न विषय (वन, वातावरण, पानी मुहान संरक्षण आदि) संग संबन्धित दैनिक, अर्धसासाहिक, सासाहिक, पाक्षिक तथा मासिक पत्रपत्रिकाहरुमा प्रकाशित सामग्रीहरू संकलन गरी ईमेल मार्फत दैनिक रूपमा प्राप्त गरिनेछ। साथै प्राप्त जानकारी मूलक सूचनाहरू चुरे संरक्षणको लागि प्रयोग गरिनेछ।

(ख) संकलित प्रेस क्लिपिङ्गलाई एकमुष्ठ संकलन गरी भविष्यमा प्रयोग गर्न सकिने दस्तावेजका रूपमा समितिमा सुरक्षित राख्ने व्यवस्था गरिनेछ।

OCTOBER 9, 2024

५.५ चुरे संरक्षण सम्बन्धी श्रव्य दृश्य सामाग्री तयारी तथा प्रसारण

चुरे संरक्षण संबन्धी सफल अभ्यासका गतिविधिहरूलाई सरोकारवाला (स्थानीय वासिन्दा) समक्ष पु-याई जनचेतना बृद्धि समेत गरी चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ प्रस्तुत कार्यक्रम राखिएको छ।

५.५.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.६. चुरे संरक्षण सम्बन्धी जिंगल प्रसारण (स्थानिय एफ.एम.बाट)

चुरे संरक्षण संबन्धी विभिन्न सूचनाहरू स्थानीय भाषामा तयार गरी स्थानीय वासिन्दा समक्ष बिभिन्न स्थानीय एफ.एम. बाट पु-याई चुरे संरक्षणमा जनताको योगदान बृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम वार्षिक कार्यक्रममा संचालन गरिएको छ।

५.६.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.७ चुरे संरक्षण सम्बन्धी टेलिभिजन बहस तथा प्रसारण

चुरे संरक्षणमा देखिएका सफल प्रयास र समस्याहरू सरोकारवालासंग प्रतिकृया लिई व्यक्तिहरू बीच आपसी छलफल गराई राष्ट्रिय टेलिभिजन मार्फत प्रशारण गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ।

५.७.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम तयार गरी प्रशारण गरिने छ।

५.८ चुरे संरक्षण सम्बन्धी ब्रोसर, पर्चा, पम्पलेट, पोस्टर, स्टिकर तयारी तथा वितरण

चुरे क्षेत्रमा संचालित समितिका विभिन्न सफल अभ्यास चुरे क्षेत्रको विशेषता चुरे, संरक्षणका स्थानीय प्रविधि जनसरोकारका विविध पक्ष तथा फोटाहरू संलग्न गरी प्रचार सामाग्री तयारी गर्ने तथा कार्यक्रम कार्यान्वयन इकाई मार्फत स्थानीय तहसम्म चुरेका कार्यक्रम तथा संरक्षण उपायहरू प्रचार प्रसार गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेकोछ। यसरी तयार पारिएको प्रचार प्रसार सामाग्री सरोकारवालालाईइ वितरण गर्ने छ।

५.८.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.९ चुरे डायरी उत्पादन तथा वितरण

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यक्रमहरूको प्रचार प्रसार गर्ने हेतुले चुरे क्षेत्रमा भएका गतिविधि संकलन गरी डायरीमा समावेश गर्ने लक्ष्यका साथ यो कार्यक्रम राखिएको छ। साथै प्रकाशन पश्चात उक्त डायरी चुरे क्षेत्रका सरोकारवालाहरू समक्ष वितरण समेत गरिनेछ।

५.९.१ कार्यक्रम संचालन प्रक्रियाः

सेवा प्रदायक मार्फत आर्थिक ऐन नियम तथा कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने

५.१० चुरे संरक्षण सम्बन्धित सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा)

चुरे क्षेत्रभित्र रहेका सरोकारहरूलाई जनचेतना बृद्धि गर्न विभिन्न सन्देशमूलक सामाग्रीहरू तयार गरी पत्रपत्रिकाहरूमा प्रकाशन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

५.१०.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) समितिको संबन्धित शाखाको पत्र मार्फत सामग्री उपलब्ध भए पछि मात्र पत्रपत्रिकाले सन्देशमूलक सामाग्री प्रकाशन गर्ने।

५.५ चुरे संरक्षण सम्बन्धी श्रव्य दृश्य सामाग्री तयारी तथा प्रसारण

चुरे संरक्षण संबन्धी सफल अभ्यासका गतिविधिहरूलाई सरोकारवाला (स्थानीय वासिन्दा) समक्ष पु-याई जनचेतना वृद्धि समेत गरी चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ प्रस्तुत कार्यक्रम राखिएको छ।

५.५.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.६. चुरे संरक्षण सम्बन्धी जिंगल प्रसारण (स्थानिय एफ.एम.बाट)

चुरे संरक्षण संबन्धी विभिन्न सुचनाहरू स्थानीय भाषामा तयार गरी स्थानीय बासिन्दा समक्ष विभिन्न स्थानीय [illegible]

[illegible] (ToR) निर्माण गरिनेछ।

[illegible] बमोजिम सेवाप्रदायक छनौट गरी कार्य[illegible]

[illegible] जन बहस तथा प्रसारण

[illegible] रिखएका सफल प्रयास र समस्याहरू सरोकारवालासँग प्रतिक्रिया [illegible]

[illegible] फल गराई राष्ट्रिय टेलिभिजन मार्फत प्रशारण गराउनु यस कार्यक्रमको मुख्य [illegible]

५.७.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम [illegible] छ।

५.८ चुरे संरक्षण सम्बन्धी ब्रोसर, पर्चा, पम्पलेट, पोस्टर, स्टि[illegible]

चुरे क्षेत्रमा संचालित समितिका विभिन्न सू[illegible] जनसरोकारका विविध पक्ष तथा [illegible] इकाई मार्फत सार्व[illegible] मुख्य [illegible] पु-याउने यस कार्यक्रमको मुख्य लक्ष्य रहेकोछ। यसरी तयार पारिएको [illegible]

५.८.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.९ चुरे डायरी उत्पादन तथा वितरण

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यक्रमहरूको प्रचार प्रसार गर्ने हेतुले चुरे क्षेत्रमा भएका गतिविधि संकलन गरी डायरीमा समावेश गर्ने लक्ष्यका साथ यो कार्यक्रम राखिएको छ। साथै प्रकाशन पश्चात उक्त डायरी चुरे क्षेत्रका सरोकारवालाहरू समक्ष वितरण समेत गरिनेछ।

५.९.१ कार्यक्रम संचालन प्रक्रियाः

सेवा प्रदायक मार्फत आर्थिक ऐन नियम तथा कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने

५.१० चुरे संरक्षण सम्बन्धित सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा)

चुरे क्षेत्रभित्र रहेका सरोकारहरुलाई जनचेतना वृद्धि गर्न विभिन्न सन्देशमूलक सामाग्रीहरू तयार गरी पत्रपत्रिकाहरूमा प्रकाशन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

५.१०.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)समितिको संबन्धित शाखाको पत्र मार्फत सामाग्री उपलब्ध भए पछि मात्र पत्रपत्रिकाले सन्देशमूलक सामाग्री प्रकाशन गर्ने।

५.५ चुरे संरक्षण सम्बन्धी श्रव्य दृश्य सामाग्री तयारी तथा प्रसारण

चुरे संरक्षण संबन्धी सफल अभ्यासका गतिविधिहरूलाई सरोकारवाला (स्थानीय वासिन्दा) समक्ष पु-याई जनचेतना वृद्धि समेत गरी चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ प्रस्तुत कार्यक्रम राखिएको छ।

५.५.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.६. चुरे संरक्षण सम्बन्धी जिंगल प्रसारण (स्थानिय एफ.एम.बाट)

चुरे संरक्षण संबन्धी विभिन्न सूचनाहरू स्थानीय भाषामा तयार गरी स्थानीय वासिन्दा समक्ष विभिन्न स्थानीय एफ.एम. बाट पु-याई चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम वार्षिक कार्यक्रममा संचालन गरिएको छ।

५.६.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.७ चुरे संरक्षण सम्बन्धी टेलिभिजन बहस तथा प्रसारण

चुरे संरक्षणमा देखिएका सफल प्रयास र समस्याहरू सरोकारवालासंग प्रतिकृया लिई व्यक्तिहरू बीच आपसी छलफल गराई राष्ट्रिय टेलिभिजन मार्फत प्रशारण गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ।

५.७.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम तयार गरी प्रशारण गरिने छ।

५.८ चुरे संरक्षण सम्बन्धी ब्रोसर, पर्चा, पम्पलेट, पोस्टर, स्टिकर तयारी तथा वितरण

चुरे क्षेत्रमा संचालित समितिका विभिन्न सफल अभ्यास चुरे क्षेत्रको विशेषता चुरे, संरक्षणका स्थानीय प्रविधि जनसरोकारका विविध पक्ष तथा फोटाहरू संलग्न गरी प्रचार सामाग्री तयारी गर्ने तथा कार्यक्रम कार्यान्वयन इकाई मार्फत स्थानीय तहसम्म चुरेका कार्यक्रम तथा संरक्षण उपायहरू प्रचार प्रसार गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेकोछ। यसरी तयार पारिएको प्रचार प्रसार सामाग्री सरोकारवालालाईइ वितरण गर्ने छ।

५.८.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख)स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.९ चुरे डायरी उत्पादन तथा वितरण

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यक्रमहरुको प्रचार प्रसार गर्ने हेतुले चुरे क्षेत्रमा भएका गतिविधि संकलन गरी डायरीमा समावेश गर्ने लक्ष्यका साथ यो कार्यक्रम राखिएको छ। साथै प्रकाशन पश्चात उक्त डायरी चुरे क्षेत्रका सरोकारवालाहरू समक्ष वितरण समेत गरिनेछ।

५.९.१ कार्यक्रम संचालन प्रक्रियाः

सेवा प्रदायक मार्फत आर्थिक ऐन नियम तथा कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने

५.१० चुरे संरक्षण सम्बन्धित सन्देशमूलक समाग्री प्रकाशन (विभिन्न पत्रपत्रिकामा)

चुरे क्षेत्रभित्र रहेका सरोकारहरूलाई जनचेतना वृद्धि गर्न विभिन्न सन्देशमूलक सामाग्रीहरू तयार गरी पत्रपत्रिकाहरूमा प्रकाशन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

५.१०.१ कार्यक्रम संचालन प्रक्रियाः

(क)समितिको संबन्धित शाखाको पत्र मार्फत सामाग्री उपलब्ध भए पछि मात्र पत्रपत्रिकाले सन्देशमूलक सामाग्री प्रकाशन गर्ने।

OCTOBER 9, 2024

(ख)भूक्तानीका लागि प्रकाशित सामाग्री सहित निवेदन प्राप्त भएपछि नियमानुसार भूक्तानी गर्ने व्यवस्था गरिने छ।

**५.११ चुरे सम्बन्धी वक्तृत्वकला र पुरस्कार**

संरक्षणका सिकाईको क्रममा चुरे दिवस वा संरक्षण सम्बन्धी अन्य दिवसको अवसर पारी चुरे क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूका बिचमा चुरे संरक्षण सम्बन्धी वक्तृत्वकला प्रतियोगिता आयोजना गरी विद्यार्थीहरूमा वन, वन्यजन्तु, जैविक विविधता र वातारणको संरक्षण सम्बन्धि जनचेनता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो।

**५.११.१ कार्यक्रम संचालन प्रक्रियाः**

(क)वक्तृत्वकला प्रतियोगितामा सहभागि हुने विद्यालय छनौट गरी सो विद्यालयबाट प्रतियोगि विद्यार्थीहरू छनौट गराउने।

(ख)वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत विकास निर्माणको कार्यक्रम सञ्चालन गर्दा प्रयोग गरिने नर्मस र अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका बमोजिम वक्तृत्वकला प्रतियोगिता सम्बन्धी कार्यक्रम तथा लागत अनुमान तयारी गर्ने।

(ग) प्रतियोगी विद्यार्थीहरूलाई पायक पर्ने स्थानमा वातावरण संरक्षण सम्बन्धी कुनै दिवस वा समारोहको अवसरमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने।

(घ) विषयगत विज्ञहरूद्वारा वक्तृत्वकला प्रतियोगिताको मूल्याङ्कन गराउने।

(ङ) मूल्याङ्कनकर्ताहरूको सिफारिस बमोजिम उत्कृष्ठ वक्ताहरूलाई पुरस्कार प्रदान गर्ने।

**५.१२ <u>चुरे संरक्षण सम्बन्धि क्रियाकलापहरूको फोटो फ्रेम तयारी तथा वितरण</u>**

राष्ट्रपति चुरे तराईइ मधेश संरक्षण विकास समितिबाट सञ्चालन भएका चुरे संरक्षण सम्बन्धि उल्लेखनीय क्रियाकलापहरूका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउनका लागि फोटो फ्रेम तयार गरी वितरण गर्नका लागि यो कार्यक्रम राखिएको छ।

**५.१२.१ कार्यक्रम संचालन प्रक्रियाः**

(क)फोटो फ्रेम तयारीका लागि विषयगत प्राविधिकको सहयोगमा लागत अनुमान तयारी गर्ने।

(ख)लागत अनुमान तयार भएपछि स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम परामर्शदाता वा सेवाप्रदायकबाट कार्य संचालन गर्न गराउन सकिनेछ।

(ग) फोटो फ्रेम तयार गर्दा चित्रकारद्वारा चित्र तयारी, फोटोग्राफरद्वारा फोटो लिई फ्लेक्स प्रिन्ट वा फ्रेम जडित फोटो तयारी गर्न सकिनेछ।

(घ) यसरी तयार गरिएका फोटो फ्रेमहरू प्रदर्शनीका लागि कार्यालय राखे र सरोकारवालाहरूलाई वितरण गर्ने कार्य गरिनेछ।

**५.१३ <u>पम्पलेट, पोस्टर, ब्रोशियर, वार्षिक प्रगति पुस्तिका, *Activities Profile* प्रकाशन, ब्याग खरिद, चुरेको लोगो अंकित ब्याच/कोट पिन, प्रचारप्रसार सामग्री उत्पादन तथा प्रकाशन, वितरण</u>**

चुरे क्षेत्रमा संचालित समितिका विभिन्न सफल अभ्यास चुरे क्षेत्रको विशेषता चुरे संरक्षणका स्थानीय प्रविधि जनसरोकारका विविध विषय तथा फोटाहरू संलग्न गरी प्रचार सामाग्री तयारी गर्ने तथा कार्यक्रम कार्यान्वयन इकाई मार्फत स्थानीय तहसम्म चुरेका कार्यक्रम तथा संरक्षण उपायहरू प्रचार प्रसार गर्नु यस कार्यक्रमको मुख्य लक्ष्य रहेकोछ। यसरी तयार पारिएको प्रचार प्रसार सामाग्री सरोकारवालालाई वितरण गर्ने छ।

**५.१३.१ कार्यक्रम संचालन प्रक्रियाः**

(क)प्रचार प्रसार सामाग्री उत्पादन प्रकाशन तथा खरिदका लागि लागत अनुमान तयार गर्ने।

(ख)लागत अनुमान तयार भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आपुर्तिकर्ता, सेवाप्रदायक, वा अमानतबाट कार्य संचालन गर्न गराउन सकिनेछ।

OCTOBER 9, 2024

(ग) यसरी तयार पारिएको प्रचार प्रसार सामाग्री सरोकारवालालाई वितरण गर्ने।

५.१४ रेडियो मार्फत प्रचार प्रसार

चुरे संरक्षण संवन्धी विभिन्न सूचनाहरू स्थानीय भाषामा तयार गरी विभिन्न स्थानीय एफ.एम./रेडियोबाट स्थानीय बासिन्दा समक्ष पु-याई चुरे संरक्षणमा जनताको योगदान वृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम वार्षिक कार्यक्रममा संचालन गरिएको छ।

५.१४.१ **कार्यक्रम संचालन प्रक्रियाः**

(क) यस कार्यक्रम संचालनका लागि कार्यसूची (ToR) निर्माण गरिनेछ।

(ख) स्वीकृत कार्यसूची अनुसार कानून बमोजिम सेवाप्रदायक छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

५.१५ होर्डिङ्ग बोर्ड निर्माण

चुरे क्षेत्रमा संचालित सफल अभ्यासहरू, चुरे क्षेत्रको सिमा तथा चुरे क्षेत्रको विशेषता, चुरे संरक्षणका स्थानीय प्रविधि तथा जनसरोकारका विविध विषयहरू समावेश गरिएको सन्देशमूलक होर्डिङ बोर्ड निर्माण गरी सबैले सहजरूपमा देख्न सक्ने स्थानमा राखी सरोकारवालाहरूलाई चुरे संरक्षण सम्बन्धी जानकारी गराउनका लागि यो कार्यक्रम राखिएको हो।

५.१५.१ **कार्यक्रम संचालन प्रक्रियाः**

(क) होडिङ्ग बोर्ड तयारीका लागि लागत अनुमान तयार गर्ने।

(ख) लागत अनुमान तयार भएपछि स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आपुर्तिकर्ता, सेवाप्रदायक, वा अमानतबाट कार्य संचालन गर्न गराउन सकिनेछ।

(ग) होडिङ्ग बोर्डको साईजको हकमा होडिङ्ग बोर्ड राखिने स्थान र प्रकृतिको आधारमा फरकफरक हुन सक्नेछ।

(घ) यसरी तयार पारिएको चुरे संरक्षण सम्वन्धि सूचनामूलक होडिङ्ग बोर्ड सर्वसाधारणले देख्ने स्थानमा प्रदर्शन गर्ने।

## परिच्छेद-६
## तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्वन्धी कार्यक्रम

६.१. तालिम, गोष्ठी, भ्रमण तथा बैठक सम्वन्धी कार्यक्रम

समिति तथा कार्यक्रम कार्यान्वयन इकाईहरू मार्फत संचालन गरिने विभिन्न कार्यक्रमहरूमा रहेका क्षमता अभिवृद्धि तथा प्रचार प्रसार सम्वन्धित कार्यक्रमहरूमा सामन्जस्यता, एकरूपता तथा आपसी समन्वय कायम राखी लक्ष्य अनुरूपको प्रतिफल हासिल गर्न तथा कार्यक्रम संचालन प्रक्रियालाई सहज तुल्याउने उद्देश्यले यो कार्यविधी तर्जुमा गरीएको छ। यस कार्यविधीले सञ्चालन गरिने क्षमता अभिवृद्धि तथा प्रचार प्रसार सम्वन्धित कार्यक्रमहरूको फिल्ड स्तरका सबै कर्मचारीहरूमा समान बुझाई भई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न थप सहयोग पुर्याउने विश्वास लिइएको छ। क्षमता अभिवृद्धि तथा प्रचार प्रसार मार्फत संस्थागत विकास गर्न, संस्था/व्यक्ति/समुहमा आइपर्ने चुनौतीहरूलाई सामना गर्न र अवसरलाई उपयोग गरी जिवनस्तरमा सुधार ल्याउन, वन, वन्यजन्तु, बातावरण र जैविक विविधता संरक्षण सम्वन्धि जनचेतना अभिवृद्धि गर्न, सफल कार्यक्रमहरूको प्रचार प्रसार गर्न, वन पैदावारमा आत्मनिर्भर वनाउनका साथै उपभोक्ताहरूको जिविकोपार्जनमा थप सहयोग गर्न, क्षमता अभिवृद्धि तथा प्रचार प्रसारका कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न आवश्यक रहेको छ।

६.१.१ **संचालन गरिने कार्यक्रमहरूः**

(क) कर्मचारी सिप विकास तालिम (GPS/GIS/AutoCAD)

(ख) कर्मचारी क्षमता अभिबृद्धि तालिम

OCTOBER 9, 2024

(ग) कर्मचारीहरूका लागि (GPS / GIS, drawing design and estimate) तालिम

(घ) कर्मचारी दक्षता वृद्धि तालिम

(ङ) चुरेसम्बन्धी नदी प्रणाली स्तरीय अभिमुखीकरण

(च) चुरे संरक्षणसम्बन्धी अभिमुखीकरण

(छ) योजना तर्जुमा तथा समिक्षा गोष्ठी

(ज) क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठी

(झ) प्रदेश स्तरीय समन्वय गोष्ठी

(ञ) केन्द्रस्तरीय समन्वय गोष्ठी

(ट) क्लस्टर स्तरीय समन्वय, प्रगति समिक्षा गोष्ठी

(ठ) केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी

(ड) वार्षिक योजना तर्जुमा गोष्ठी

६.१.२ ध्यान दिनुपर्ने विषयहरूः

(क) तालिम संचालन गर्नका लागि सम्बन्धित कार्यालयले स्वीकृत कार्यक्रममा तोकेको विषयमा ज्ञान सीप भएको र सहजीकरण गर्न सक्ने स्थानीय स्रोत व्यक्तिको रोष्टर तयार गर्नुपर्ने छ। यस्ता स्रोत व्यक्तिहरूमा सो विषयसँग सम्बन्धित कार्यालयका कर्मचारीका अतिरिक्त कृषक, र अन्य सरोकारवाला सरकारी/गैहसरकारी निकायमा कार्यरत कर्मचारीहरू पनि हुन सक्नेछन्।

(ख) सबै किसिमका तालिम/गोष्ठी/अन्तरक्रिया/अभिमुखीकरण गर्दा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत विकास निर्माणको कार्यक्रम सञ्चालन गर्दा प्रयोग गरिने नर्मस र अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका बमोजिम गनुपर्नेछ। उक्त नर्मस बमोजिम सम्बन्धित तालीम, गोष्ठिको लागत अनुमान तयार गरी स्वीकृत पश्चात् सञ्चालन गर्नुपर्ने छ।

(ग) सम्बन्धित तालीम, गोष्ठिको सञ्चालन गर्नु पूर्व सेसन योजना बनाउनुपर्ने छ। साथै सो सेसन योजना कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्ने छ।

(घ) कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको लागि कर्मचारी छनौट गर्दा सम्बन्धित विषयमा चासो राख्ने, सो कार्यक्रममा सहभागी भए पश्चात् आफुले सिकेको ज्ञान, सिप अरुलाई दिन सक्ने कर्मचारीलाई प्राथमिकता दिनुपर्ने छ।

(ङ) क्षमता अभिवृद्धिका लागि समुहमा सहभागी छनौट गर्दा समुहको काममा सक्रिय रूपले लाग्ने, समुहका सदस्यहरूलाई सहयोग गर्ने, तोकिएको कार्यक्रममा सहभागी भएर आए पश्चात् सिकेको ज्ञान, सिप अरुलाई आदानप्रदान र प्रसारण गर्न सक्ने, साथै सो को उपयोग गरी स्वयं र समुहलाई फाइदा पुर्याउने किसिमका सदस्यलाई प्राथमिकता दिनुपर्नेछ।

(च) क्षमता अभिवृद्धिका कार्यक्रम सम्भव भएसम्म स्थलगत रूपमा नै सञ्चालन गर्नुपर्नेछ।

(छ) क्षमता अभिवृद्धिका कार्यकम सञ्चालन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सम्वेदनशीलतालाई ध्यान दिई सकेसम्म ५० प्रतिशत महिला तथा विपन्न वर्गको सहभागिता सुनिश्चितता गराउनु पर्ने छ।

(ज) क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम मुख्यतया समुहमा सञ्चालन गनुपर्ने हुदा एक पटकमा प्रत्येक समुहमा कम्तीमा १० जना भन्दा बढि सहभागिहरू समावेश भएको हुनुपर्ने छ। स्वीकृत बजेट र प्रचलित नियमको परिधिभित्र रही सहभागीहरूलाई तोकिएको नर्मस् अनुसारको भत्ता तथा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ। प्रशिक्षकलाई तालिम नर्मसको आधारमा प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिनेछ।

(झ) कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्राप्त श्रोत साधन, सहभागिहरूको स्तर साथै आवश्यकतालाई मध्यनजर गरी विभिन्न किसिमका सिकाईका माध्यमहरू अपनाउन सकिन्छ। सो को लागि आवश्यकतानुसार विषयसँग सम्बन्धित प्रचार प्रसारका सामग्रीहरू तयारी, संकलन तथा खरीद गर्न सकिने छ वा कुनै तयारी सामग्रीहरू

OCTOBER 9 2024

वितरण गनुपर्ने भएमा सो समेत गर्न सकिने छ। कार्यक्रम सञ्चालन गर्दा सहभागिले बुझ्ने भाषा प्रयोग गर्नुपर्ने छ।

(ञ) यस्ता कार्यक्रमको अन्तमा सञ्चालन गरीएको कार्यक्रमका सहभागिहरूबाट पृष्ठपोषण लिनुपर्ने छ। जसले गर्दा आगामी बर्षको कार्यक्रम सञ्चालनमा थप सहयोग पुग्ने छ। यसका लागि पूर्व निर्धारित फारामहरू तथा मुल्याङ्कन ढाँचाहरू प्रयोग गर्न सकिने छ।

(ट) कार्यक्रम सम्पन्न भएपछि हरेक तालिम/गोष्ठीको विस्तृत विवरणहरू जस्तैः स्थान, सहभागीको संख्या, कार्यक्रमको प्रभावकारीता आदि बारे पृष्ठपोषण समेत उल्लेख भएको प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयमा राख्नुपर्ने छ। सञ्चालन भएको तालिमको प्रतिवेदन तथा मुख्य उपलब्धी समितिमा पेश गरिने प्रगतीमा उल्लेख गर्नु पर्नेछ।

(ठ) क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन पश्चात् तोकिए बमोजिमको सार्वजनिक सुनुवाई समेत गर्नुपर्ने छ।

(ड) यसका साथसाथै बर्षभरी संञ्चालन गरेको क्षमता अभिवृद्धि कार्यक्रमबाट लाभान्वित दलित, जनजाती, विपन्न, महिला, पुरुष सहभागीको संख्या, संञ्चालन गरेको कार्यक्रमको नाम उल्लेख हुने अभिलेख तयार गरी बार्षिक प्रगतीमा समावेश गरी पठाउनु पर्नेछ।

समितिबाट समन्वयका लागि कार्यशाला गोष्ठी तथा बैठक आयोजना गरी सञ्चालित कार्यक्रम सम्बन्धमा छलफल/अन्तरक्रिया संचालन गरिनेछ।

**६.१.३ कार्यक्रम संचालन प्रक्रियाः**

(क) समितिलाई दिशानिर्देश गर्न तथा कार्यक्रमलाई प्रभावकारी रूपले संचालन गर्न आवस्यक पर्ने विषयवस्तुको पहिचान समितिले गर्ने छ।

(ख) विषयवस्तुसंग सम्बन्धित कार्यन्वयन निकायले बैठकको प्रस्ताव तयार गरि बैठकको लागि आवस्यक पर्ने पत्राचार गर्नु पर्नेछ तथा बैठकको आयोजना गर्नु पर्नेछ।

(ग) कार्यन्वयन निकायका आवस्यक कर्मचारीहरूलाई परिचालित गरि कार्यक्रम संचालनको गरिनेछ।

## ६.२ <u>केन्द्र स्तरीय समन्वय बैठक</u>

**६.२.१ कार्यक्रम परिचयः**

सातै प्रदेशहरू अन्तर्गतका ३७ जिल्लाहरूमा ५ वटा कार्यक्रम कार्यान्वयन इकाईहरू नेपाली सेनाको वन तथा पर्यावरण सुरक्षा निर्देशनालय र समिति आफैले सञ्चालन गर्ने राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्यर्गतका क्रियाकलापहरूलाई केन्द्रीय तहबाट समन्वय गरी अपेक्षित प्रतिफल हासिल गर्न यो कार्यक्रम राखिएको हो। कार्यक्रम कार्यान्वयन निकायहरूका केन्द्रीय स्तरका निकायहरू र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिका सरोकारवाला र साझेदारहरू विच केद्रस्तरमै समन्वय गरी स्वीकृत कार्यक्रम कार्यान्वयनमा सहजता प्रदान गर्ने।

**६.२.२ कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रमलाई प्रभावकारी रूपले संचालन गर्न केन्द्र स्तरबाट समन्वय गर्नु पर्ने विषय वस्तु तथा निकायहरूको पहिचान गर्ने।

(ख) विषयवस्तु संग सम्बन्धित शाखाले बैठकको प्रस्ताव तयार गरि बैठकको लागि आवश्यक तयारी तथा पत्राचार गरी बैठकको आयोजना गर्ने।

(ग) बैठकबाट पारित निर्णय तथा प्राप्त सुझावहरू कार्यान्वयन का लागि सहज व्यवस्था मिलाउने।

**६.२.३ जनशक्ति तथा बजेट व्यवस्थापनः**

यो कार्यक्रम संचालन गर्न समितिको बैठकको निर्णयानुसार सम्बन्धित शाखाका कर्मचारीहरू परिचालित हुनेछन्।

OCTOBER 9, 2024

६.२.४ अपेक्षित उपलब्धिः

कार्यक्रम कार्यान्वयन निकायहरू, केन्द्रीय स्तरका निकायहरू र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिका सरोकारवाला र साझेदारहरू बिच केद्रस्तरमै समन्वय गरी स्वीकृत कार्यक्रम कार्यान्वयनमा सहजता प्रदान हुने।

## ६.३ प्रदेशस्तरीय समन्वय समितिका बैठक

चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ को मार्गदर्शन र प्रदेश समन्वय समितिको गठन तथा संचालन कार्यविधि २०७८ बमोजिम चालु आ.ब. मा दुईपटक बैठक (पहिलो र दोस्रो त्रैमासिक) आयोजना गरी कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभाब कार्यान्वयनका क्रममा देखापरेका समस्याको विश्लेषण गर्न प्रदेश अन्तर्गतका सम्बन्धित सरोकारवालाहरू बिच छलफल हुने।

६.३.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) कार्यक्रमलाई प्रभावकारी रूपले संचालन गर्न प्रदेश स्तरबाट समन्वय गर्नु पर्ने विषय वस्तु तथा निकायहरूको पहिचान गर्ने।

(ख) सम्बन्धित इकाईले बैठकको प्रस्ताव तयार गरि बैठकको लागि आवश्यक तयारी तथा पत्राचार गरी बैठकको आयोजना गर्ने।

(ग) बैठकबाट पारित निर्णय तथा प्राप्त सुझावहरू कार्यान्वयनका लागि सहज व्यवस्था मिलाउने।

६.३.२ जनशक्ति तथा बजेट व्यवस्थापनः

यो कार्यक्रम संचालन गर्न सम्बन्धित समितिका सदस्यको नेतृत्वमा इकाई कार्यालयका प्रमुख र कर्मचारी परिचालित हुनेछन्। यो कार्यक्रम अन्तर्गत कम्तिमा एउटा बैठक संचालन गर्नेगरी इकाई कार्यलयहरुलाई बजेट विनियोजन गरिएको छ।

## ६.४ क्लस्टर स्तरीय समन्वय, प्रगती समिक्षा गोष्ठी

राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति अन्तर्गत रहेको कार्यक्रम कार्यान्वयन इकाईहरूबाट (५ वटै) गत आ.व.मा संचालित कार्यक्रमहरूको प्रगति समिक्षा गरी चालु आ.व.को कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन त्रैमासिक रूपमा गरिनेछ।

६.४.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालनमा संलग्न सबै निकाय तथा सरोकार वालालाई सहभागी गराउनु पर्ने छ।

(ख) कार्यान्वयन निकायका आवस्यक कर्मचारीहरूलाई परिचालित गरि कार्यक्रम कार्यान्वयन इकाई मार्फत यो कार्यक्रम संचालन गरिनेछ।

(ग) यस क्रियाकलाप लाई सहजीकरण तथा समन्वय गर्न आवश्यक भएमा समितिको नीति तथा योजना शाखाले समन्वयको भूमिका खेल्ने छ।

## ६.५ केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी

कार्यक्रम कार्यान्वयन निकायबाट सम्पन्न भए गरेका आर्थिक एवं भौतिक गतिविधिहरूका प्रगती विवरण, कार्य सम्पादनको क्रममा अभ्यास गरिएका असल सिकाइहरू एवं आइपरेको समस्या तथा समस्या समाधानका लागि गरिएका प्रयासहरू समेतका विवरणहरूका सम्बन्धमा समय समयमा समीक्षा गरी पृष्ठपोषण प्राप्त गर्न र उक्त पृष्ठपोषणको आधारमा संस्थागत सुधारका उपायहरू पहिचान गर्न समिक्षा गोष्ठिको आयोजना गर्ने गरिन्छ। समितिका पदाधिकारीहरू, कार्यन्वयन निकायका प्रमुखहरू तथा योजना हेर्ने कर्मचारीहरू, समितिका रा.प.द्वि., रा.प.तृतीय र रा.प.अनं. प्रथम श्रेणीका कर्मचारीहरू, वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय र योजना अयोगका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरू समेतको सहभागितामा केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी सञ्चालन गरिने छ। निम्न उद्देश्यहरू प्राप्तिका लागि केन्द्र स्तरीय प्रगति समिक्षा गोष्ठी सञ्चालन गरिनेछ।

(क) समीक्षा अवधिमा भए गरेका आर्थिक तथा भौतिक प्रगती र कार्यक्रमका सवल तथा दुर्वल पक्षहरूको पहिचान गरी आगामी दिनको लागि पृष्ठपोषण तथा मार्ग दर्शनको रूपमा लिने।

(ख) सम्पादित कार्यक्रमहरू चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ अनुरूप रहे नरहेको पहिचान गरी आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरूलाई मार्गदर्शन दिने।

(ग) असल सिकाइहरूको पहिचान गरी अनुकरणीय कार्यहरूको अनुसरण तथा मार्ग दर्शनको रूपमा आगामी दिनमा अनुसरण गर्ने।

(घ) कार्यक्रमहरूलाई पारदर्शी तथा जनउत्तरदायि बनाउने।

(ङ) कार्यक्रम कार्यन्वयनमा देखा परेका समस्याहरू र चुनौतीहरू समाधानको खोजि गर्ने।

**६.६ बार्षिक योजना तर्जुमा गोष्ठी**

प्रत्येक वर्ष कार्यलयबाट गरिने कृयाकलापको छलफल गराउनु पर्दछ। यस योजना तर्जुमा कार्यमा सम्पुण कार्यालयका प्रमुखहरूको अनिवार्य सहभागिता गराउनु पर्दछ। कार्यक्रमको सान्दर्भिकता हेरी अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधी वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गर्न सकिने छ। यस गोष्ठीको मुख्य कार्य आगामी वर्षको लागि योजना तयार गरी माथिल्लो निकायमा पेश गर्नुपर्दछ।

(क) आ-आफ्नो कार्यालयबाट संचालन हुने कार्यक्रमको योजना तयार गर्ने र पारित गराउने।

(ख) अन्य निकायसंग सहकार्य गर्न सकिने कार्यक्रमहरूको पहल गर्ने।

## परिच्छेद-७
## अन्य कार्यक्रमहरू

**७.१ चुरे दिवस केन्द्र स्तर/इकाई स्तर**

(क) प्रत्येक वर्ष आषाढ २ गतेलाई चुरे दिवसको रूपमा समिति र ५ वटै कार्यक्रम कार्यन्वयन इकाईमा छुट्टाछुटै मनाई चुरे संरक्षणको महत्वलाई सबै तहमा पुर्याउन यो कार्यक्रम संचालन गरिने छ।

(ख) यस कार्यक्रम अन्तर्गत प्रचार प्रसार गोष्ठी, बृक्षरोपण, रुख विरुवा, फलफुल विरुवा समेत वितरण लगायत अन्य प्रचार प्रसार कार्य गरी चुरे संरक्षणमा जनचेतना बढाईने छ।

(ग) यस कार्यक्रमको लागि समितिको सुझाव र सल्लाहमा प्रत्येक कार्यक्रम कार्यन्वयन इकाईले आ-आफ्नो प्रदेशको प्रतिनिधित्व हुने गरी आवश्यकता अनुसारका कार्यक्रम संचालन गर्नुपर्ने छ।

**७.२ चुरे संरक्षण तथा व्यस्थापनसंग सम्बन्धित सोधपत्रको निम्ति सहयोग**

चुरे-तराई-मधेश संरक्षणमा उपयोगी हुन सक्ने शोधपत्र तथा शैक्षिक अनुसन्धानका लागि यो कार्यक्रम राखिएको छ। यो कार्यक्रम समितिले स्वीकृत गरेको "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७४" बमोजिम संचालन हुनेछ।

**७.२.१ कार्यक्रम संचालन प्रक्रिया:**

(क) समितिको स्वीकृत कार्यक्रमको परिधि तथा "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७४" बमोजिम सूचना प्रकाशन गर्ने।

(ख) प्रकाशित सूचना बमोजिम पर्न आएका निवेदन उपर कार्यवाही गर्न शिफारिस समिति गठन गर्ने।

(ग) सिफारिस समितिको गठन समितिको बोर्ड सदस्यको नेतृत्वमा समितिले गर्नेछ।

(घ) सिफारिस समितिले शिफारिस गरेको सोधपत्रकर्ता हरूको नामावली समितिको बेब साइटमा प्रकाशन गर्ने छ।

(ङ) अन्य व्यस्था समितिले स्वीकृत गरेको "शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४" बमोजिम हुनेछ।



OCTOBER 9, 2024

## ७.३ वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन

### ७.३.१ कार्यक्रम परिचयः

कार्यालयहरूले विभिन्न स्विकृत वार्षिक कार्यक्रमहरू संचालन गरेका छन। यस बाहेक बन सम्बन्धी अन्य कार्यहरू समेत सम्पादन गरिरहेका छन। यी सबै कार्यलाई अभिलेखीकरण गर्न यो क्रियाकलाप संचालन गरिने छ। तथ्यांक संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाई आदिमा यो रकम खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बिषयहरू समावेश गर्नुपर्नेछ।

(क) प्रकाशित सामग्रीको संख्या
(ख) प्रकाशित सामग्रीको डिपिटल कपि समेत

## ७.४ नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तयारी तथा प्रकाशन

राष्ट्रपति चुरे-तराई संरक्षण कार्यक्रम कार्यान्वियनका लागि आवश्यक नयाँ तथा मौजुदा नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू निर्माण, संशोधन तथा परिमार्जन गर्ने कार्यका लागि यो कार्यक्रम राखिएको छ। समितिको आवश्यकता र औचित्य हेरी उपरोक्तानुसारका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यबिधिहरू तयारी तथा प्रकाशन गरिनेछ।

### ७.४.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) निर्माण, संशोधन तथा परिमार्जन गर्नुपर्ने नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरूको सूची तयारी गर्ने।

(ख) नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू तयारी, संशोधन तथा परिमार्जनका लागि कार्यदल गठन गर्ने।

(ग) गठित कार्यदलद्वारा आवश्यकता अनुसार विज्ञहरूसङ्ग राय परामर्श गरी बैठक तथा छलफल कार्यक्रम मार्फत दिइएका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरूको मस्यौदा तयारी गर्ने।

(घ) कार्यदलद्वारा प्रस्ताव गरिएका नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू समितिको बैंठकमा पेश गरी पारित गराउने।

(ङ) समितिबाट स्वीकृत नीति, नियम, कार्यनीति, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिहरू प्रकाशन गर्ने।

## ७.५ बिगतका कार्यक्रमहरूको अभिलेखीकरण/प्रभाव मुल्यांकन

मिति २०७१/०३/०२ मा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन भए पश्चात् आ.व. २०७१/०७२ देखि आ.व. २०७४/०७५ सम्म चुरे तथा तराई मधेश क्षेत्रको संरक्षण तथा व्यवस्थापनका बिबिध कार्यक्रमहरू तय गरि जिल्लाका तत्कालिन कार्यालयहरू जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, नेपालि सेना, क्षेत्रीय वन निर्देशनालय, साझेदार गैहसरकारी संस्थाहरू मार्फत कार्यान्वयन भएको थियो। आ.व. २०७५/०७६ मा स्थानीय तहहरू मार्फत कार्यक्रम कार्यान्वयन भयो। आ.व. २०७६/०७७ देखि समिति अन्तर्गत नै कार्यान्वयन इकाई स्थापना गरी कार्यक्रम कार्यान्बयन भैरहेको छ। यसरी पहिलो पांच वर्षमा अन्य निकायहरू मार्फत कार्यक्रम कार्यन्वयन भएकोले सो समयको साथसाथै त्यस पश्चात कार्यक्रम कार्यन्वयन इकाईले समेत गरेको र समिति कार्यालयबाट समेत कार्यान्वयन भएका कार्यक्रमहरूको के कस्तो प्रभावकारिता तथा नतिजा रहयो भन्ने विश्लेषणमा सहयोग पुग्ने भएकोले कार्यक्रमहरूको अभिलेखीकरण गरी व्यवस्थित गर्न यो कार्यक्रम तय गरिएको हो। यस कार्यक्रम अन्तर्गत तथ्यांक संकलन, तथ्यांक विश्लेषण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा आवस्यक कार्यहरू गर्दा लाग्ने खर्च लेख्न सकिनेछ।

### ७.५.१ कार्यक्रम संचालन प्रक्रियाः

(क) बिगतमा कार्यक्रम कार्यान्वयन गरेका निकायहरू, समिति कार्यालय, स्थानीय उपभोक्ता समूहबाट कार्यक्रमहरूको कागजात तथा तथ्यांक संकलन गर्ने।

(ख) प्राप्त कागजात र तथ्यांकहरूको कार्यक्रम अनुसार बर्गीकरण गर्ने।

OCTOBER 9 2024

(ग) अभिलेखिकरण गरी व्यवस्थित गर्ने।

७.५.२. जनशक्तिः

यो कार्यक्रम संचालनका लागि सचिवालय तथा कार्यक्रम कार्यान्वयन इकाईका कर्मचारीहरू र बन तथा वातावरण मन्त्रालयबाट प्राप्त या समितिका इन्टर्नहरु परिचालित हुनेछन् साथै आवश्यकता अनुसार व्यक्ति वा सेवा प्रदायक छनोट गरि परिचालन गर्न सकिनेछ।

७.६ नदी प्रणालीहरुको एटलस तयारी

चुरे संरक्षण क्षेत्र भित्र पर्ने स्थानीय तह, जिल्ला, प्रदेश अनुसार र जनसंख्याको नयाँ तथ्यांक अनुसार एट्लस तयार गरी छपाई गर्ने कार्य गत आ.व. मै सम्पन्न भएको छ। यस कार्यक्रम अन्तर्गत चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ ले पहिचान गरेका १६४ नदी प्रणालीहरुको एट्लस तयार गरी छपाई गर्ने कार्य गरिने छ।

७.६.१ कार्य संचालन प्रक्रियाः

(क) एटलस तयारी तथा छपाई गर्न बिद्यमान ऐन नियम बमोजिम सेवाप्रदायक छनौट गरिनेछ।

(ख) तयार गरिएको एटलस सामग्री सेवा प्रदायकबाट छपाई गरी प्रकाशन गरिनेछ।

<u>७.७ नदी प्रणाली स्तरीय एकीकृत स्रोत व्यवस्थापन (पन्च बर्षीय) योजना तर्जुमा कार्यक्रम</u>

७.७.१ परिचय

चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ ले चुरे भू-परिधिबाट बग्ने मेचीदेखि महाकालीसम्मका सबै नदीहरुलाई १६४ बटा नदी प्रणालीमा विभाजन गरी सो मध्यका ६४ नदी प्रणालीहरु पहिलो पाँचवर्षमा व्यवस्थापन गर्ने लक्ष्य तोकिएको देखिन्छ। सोहि अनुरुप आ.ब. २०७९/८० सम्ममा ६२ वटा नदी प्रणालीहरुको एकीकृत नदीप्रणाली स्रोत व्यवस्थापन योजना तयार गर्ने कार्य सम्पन्न भैसकेको छ। हाल चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना समेत परिमार्जन भएकोले उक्त परिमार्जित गुरु योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न हरेक नदी प्रणालीहरुको एकीकृत व्यवस्थापन योजना तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

७.७.२ कार्यक्रम संचालन प्रकृयाः

(क) नदीप्रणाली एकीकृत स्रोत व्यवस्थापन योजना तयार गर्न बाँकी रहेका, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापनको गुरुयोजनाले प्राथमिकतामा राखेका र कार्यक्रम कार्यान्वयन भैराखेका तर योजना तयार नभएका नदि प्रणालीहरुको सुची तयार गरि समितिको बैठकबाट छनौट गरिनेछ।

(ख) स्वीकृत कार्यक्रम अनुसार तय गरिएका नदीप्रणालीहरुको एकीकृत प्राकृतिक स्रोत व्यवस्थापनको अवधारणा अनुरुप नदी प्रणाली स्तरीय एकीकृत योजना तयार गरिनेछ।

(ग) यस समितिको नदी प्रणाली एकीकृत स्रोत व्यवस्थापन योजना निर्माण निर्देशिका, २०७४ लाई मूख्य आधार मानी योजना तयार गरिनेछ।

(घ) योजना तयार गर्नु पर्ने नदी प्रणालीहरु समेटी कार्यसूची (ToR) तयार गरिनेछ।

(ङ) कार्यसूची स्वीकृत भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सार्वजनिक निकाय, परामर्शदाता वा अमानतबाट कार्य संचालन गर्न गराउन सकिनेछ।

(च) नदी प्रणाली स्तरीय एकीकृत स्रोत व्यवस्थापन योजना तयार गर्ने क्रममा गरिने स्थलगत अध्ययन, सर्भेक्षण तथा कार्यक्रम छनौट गर्दा प्रत्येक नदी प्रणालीका सरोकारवाला निकायहरुको सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(छ) तथ्यांक संकलन गर्दा खोलाका दायाँबायाँका समस्याहरुमा मात्र सिमित नभई सो नदी प्रणालीको समग्र जलाधार क्षेत्रभित्रका क्रियाकलापहरुलाई समेत समेटिने गरी तथ्यांक संकलन गर्नु पर्नेछ।



OCTOBER 6, 2024

## ७.८ चुरे संरक्षणका मापदण्ड कार्यविधि सम्वन्धी अभिमुखीकरण कार्यक्रम

### ७.८.१ परिचयः

चुरे संरक्षण क्षेत्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म देशको सातै प्रदेश अन्तरगत ३७ जिल्ला र १३९ स्थानिय तहमा फैलिएर रहेको छ। चुरे संरक्षण कार्य भन्नाले यस क्षेत्रमा रहेका प्रकृतिक संपदाको संरक्षण जैविक विविधताको संरक्षण गर्दै यस भेगमा रहेका पारिस्थितिकिय प्रणालीको संरक्षण हो। तसर्थ चुरे संरक्षण कार्य कुनै एक विषयगत कार्यालय, कार्यक्रम र क्षेत्रको आवद्धताले मात्र सम्भव नभई बहुसरोकारको विषय भएको हुँदा नेपाल सरकारले जारी गरेका विभिन्न मापदण्ड तथा कार्यविधि एवं त्यसैको आधारमा यस समितिबाट जारी विभिन्न कार्यविधिहरुको सफल कार्यान्वयन नै चुरे संरक्षणका आधारशिला हो।

### ७.८.२ उद्देश्यः

चुरे संरक्षणका लागि नेपाल सरकारद्वारा जारी ऐन, नियम, मापदण्ड एवं यस समितिबाट जारी कार्यविध तथा मापदण्डहरु सम्वन्धमा सरोकारवालालाई जानकारी गराई संरक्षण कार्य प्रभावकारी बनाउने।

### ७.८.३ लक्षित समूहः

ऐन, नियम, मापदण्ड तथा कार्यविधि कार्यान्वयनसँग सम्वन्धीत प्रदेश तथा स्थानीय स्तरका जनप्रतिनिधि, कार्यालय तथा अन्य संघ संस्थाहरु, जिल्ला अनुगमन समितिका प्रमुख तथा पदाधिकारीहरु, स्थानिय उपभोक्ताहरु चुरेक्षेत्रमा कार्यक्रम संचालन गर्ने निकायहरु, सामुदायिक समुहहरु, चुरे संरक्षण कार्यक्रम कार्यान्वयनका लागि कार्यान्वयन निकाय तथा स्थानीय तहबाट गठित उपभोक्ता समुहहरु यस कार्यक्रमका लक्षित समूह हुनेछन्। समिति केन्द्र र कार्यक्रम कार्यान्वयन इकाई बीच समन्वयमा लक्षित समूह तय गरी कार्यक्रम संचालन गरिनेछ।

## ७.९ वातावरणीय अध्ययनको लागि प्रस्तावित क्षेत्र/आयोजनाको अनुगमन

### ७.९.१ परिचयः

वातावरण र विकासका सिद्धान्तहरुलाई एक आपसमा मैत्रीपूर्ण बनाउन चुरे क्षेत्रमा हुने विकास निर्माणका कार्यहरुलाई व्यवस्थित र दिगो बनाउन, आयोजनाहरु तर्जुमा तथा कार्यान्वयन गर्दा वातावरणीय अध्ययन कार्यलाई विशेष ध्यान दिइएको छ। यी कार्यहरुमा चुरे क्षेत्रभरी एकरुपता कायम गरी सरल रुपमा आयोजना तर्जुमा र कार्यान्वयन गर्दा, उद्योग स्थापना गर्दा उत्पन्न हुने वातावरण सम्वन्धि दुविधा तथा समस्या पहिचान गरी निराकरणमा सहयोग पुर्याउन र विकास निर्माणको कार्य संचालन गर्दा वातावरण मैत्री प्रविधि अपनाउन वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०४/०५ को बैठकबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ जारी गरेको र सो कानून र जारी गरेको मापदण्डले व्यवस्था गरेको प्रावधानलाई समेत सम्बोधन हुने गरी राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति गठन आदेश, २०७१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी यस समितिले "चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्वन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७" बनाई लागू गरेकोछ। "चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्वन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७" संग सम्बन्धित बिषयबस्तुहरु यस कार्यक्रमका क्षेत्रहरु हुनेछन्।

### ७.९.२ कार्यक्रमको उदेश्यः

चुरे संरक्षण क्षेत्रमा विकास निर्माण, भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु, उद्योग स्थापना र संचालन, नदीजन्य पदार्थको व्यवस्थापन आदी गर्ने विभिन्न सरकारी, गैर सरकारी संघ संस्थाहरु, निर्माण व्यवसायी, प्रदेश तथा स्थानीय स्तरका संघ संस्थाहरुले यस कार्यविधि तथा मापदण्डलाई अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ। सो पालनामा सहजता प्रदान गरी, अनुगमन, निरीक्षण गर्न यो कार्यक्रम राखिएको हो।



OCTOBER 9, 2024

७.९.३ कार्य संचालन प्रक्रियाः

(क) यस कार्यक्रम संचालनका लागि "चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७" अनुरुप गरिनेछ।

(ख) सम्बन्धित निकायहरुबाट प्रस्तावित आयोजनाको वातावरणीय अध्ययन, नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा स्थलगत निरीक्षण, अध्ययन, अनुगमन जस्ता कार्यहरु गरिनेछ।

(ग) स्थलगत निरीक्षण, अध्ययन, अनुगमन गर्न प्रस्ताव तयार गरी स्वीकृत गरिनेछ।

(घ) स्थलगत निरीक्षण, अध्ययन, अनुगमन गरी प्राप्त प्रतिवेदन अनुसार आवश्यक पृष्ठपोषण तथा कार्यवाही गरिनेछ।

(ङ) सम्बन्धित निकायहरुबाट गरिएको प्रस्ताव र भएको पृष्ठपोषण तथा कार्यवाही अनुसार कार्यक्रमको प्रगति तय गरिनेछ।

७.१० विभिन्न विषयका अध्ययन अनुसन्धानका लागि कार्यक्षेत्रगत शर्त (ToR) तयारी

समितिको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यालयबाट संचालन हुने कार्यक्षेत्रगत शर्त (ToR) तयार गर्नुपर्ने कार्यक्रमहरूको लागि यो कार्यक्रम तय गरिएको हो। यो कार्यक्रम कार्यक्षेत्रगत शर्त (ToR) तयारीको लागि स्वीकृत कार्यक्रम अनुसार समिति कार्यालयका कर्मचारी, कानुनि विज्ञ, आवश्यकता अनुसार विषय विज्ञ वा सेवा प्रदायक छनोट गरी संचालन गरिनेछ।

## परिच्छेद- ८
## विविध

८.१ प्रचलित कानूनको व्यवस्था लागू हुनेः यस कार्यविधिमा उल्लेख भएका कुनै प्रावधान प्रचलित ऐन, नियम तथा निर्देशिकाहरुसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित ऐन, नियम तथा निर्देशिकाहरुमा उल्लेख भएको प्रावधान नै मान्य हुनेछ।

८.२ कार्यविधिको व्याख्या गरी बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यन्वयनमा कुनै द्विविधा परेमा समितिले कार्यविधिमा रहेको कुनै प्रावधानको व्याख्या गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

८.३ खारेजी र बचाऊः "कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९/८०" खारेज गरिएको छ। यो कार्यविधि तयार नहुँदै भए गरेका काम, कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।



OCTOBER 9, 2024

*अनुसूची १*

**मासिक प्रगति विवरण फाराम**

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति
ललितपुर

**नेपाल सरकार**
**राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति**
**कार्यक्रम कार्यन्वयन इकाई**

....................................

पहिलो प्राथमिकता प्राप्त आयोजनाको मासिक प्रगति विवरण

कार्यक्रमको नाम : राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास कार्यक्रम

आ.व.:................................ महिना ................................ मिति :..................................

| सि.न. | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | यो महिनाको प्रगति | यस महिना मा भएका क्रियाकलापहरू | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने

चेक गर्ने

प्रमाणित गर्ने

OCTOBER 9, 2024

## अनुसूची -२

# त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन फारामहरू

पाना नं. १/२

१. आ.व. :-
२. बजेट उपशीर्षक नं. :-
३. मन्त्रालय :-
४. कार्यक्रम/आयोजनाको नाम :-
५. आयोजना/कार्यालय प्रमुखको नाम :-
६. यस अवधिको बजेट (रू.) :
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) संस्था :-
(३) जनसहभागिता :-
(ख) वैदेशिक (१) ऋण :-
(२) अनुदान :-

७. यस अवधिको खर्च रकम र प्रतिशत : -
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) स्थानीय निकाय/सङ्स्थाः -
(३) जनसहभागिताः-
(ख) वैदेशिक (१) ऋण :-
(२) अनुदान : -
८. चालू आ.व.को हालसम्मको खर्च रकम र प्रतिशत : -
९. कुल लागतमध्ये शुरुदेखि यस अवधिसम्मको कुल खर्च रकम र प्रतिशत : -
१०. आयोजनाको शुरुदेखि यस अवधिसम्मको भौतिक प्रगति प्रतिशत :-
११. आयोजनाको कुल अवधिमध्ये वितेको समय प्रतिशतमा :-

१२. शोधभर्ना स्थिति :
(क) माग गर्नु पर्ने रकम :-
(ख) माग गरेको रकम :-
(ग) प्राप्त हुन बाँकी रकम :-

| क.सं. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | ... त्रैमासिक लक्ष्य | | | ...त्रैमासिक/वार्षिक प्रगति | | | | प्रतिवेदन अवधिसम्मको प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | खर्च | भौतिक | परिमाण | भारित | खर्च | भौतिक | |
| | अ। पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | क। पूँजीगत खर्च कार्यक्रमको जम्मा | | | | | | | | | | | | | | | | | |
| | आ। चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | ख। चालु खर्च कार्यक्रमको जम्मा | | | | | | | | | | | | | | | | | |
| | कुल जम्मा खर्च | | | | | | | | | | | | | | | | | |

चौमासिक प्रगति गणना गर्दा प्रतिवेदन अवधिको भारित प्रगति : हरफ (ग) को महल ११/८X १००
वार्षिक प्रगति गणना गर्दा प्रतिवेदन अवधिको भारित प्रगति : हरफ (ग) को महल ११/५X १००

द्रष्टव्य :-
१. सालबसाली कार्यक्रमहरूको हकमा महल १४ र १५ भर्नुपर्दैन।
२. वार्षिक लक्ष्य प्रगति प्रस्तुत गर्दा महल ७, ८ र ९ भर्नुपर्दैन।
३. वार्षिक लक्ष्य, प्रगति प्रस्तुत गर्दा सो आ.व.को प्रगति महल १२ र १३ भर्नुपर्दैन।

**वार्षिक तथा चौमासिक भारित प्रगति निकाल्ने तरिका**

$$\text{वार्षिक भारित प्रगति} = \frac{\text{क्रियाकलापको प्रगति परिमाण (महल १०)}}{\text{क्रियाकलापको लक्ष्य परिमाण (महल ४)}} \text{ भार महल ५}$$

$$\text{चौमासिक भारित प्रगति} = \frac{\text{क्रियाकलापको प्रगति परिमाण (महल १०)}}{\text{क्रियाकलापको लक्ष्य परिमाण (महल ७)}} \times \text{ भार महल ८}$$

OCTOBER 9, 2024

फा.नं. २/२

## आयोजनाको समस्यासम्बन्धी विवरण

| क्र. सं. | आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समस्या देखापर्नुका कारणहरू | समस्या समाधान गर्न गरिएका प्रयासहरू | मविसस समिति (MDAC) मा प्रस्तुत गर्नुपर्ने देखिएका समस्याहरू | समस्या समाधानको लागि सुझाव |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

यो पानाअनुसारको विवरण भरी चौमासिक/वार्षिक अवधिका साथै २/२ महिनामा बस्ने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) मा पेश गर्न मन्त्रालयमा पठाउनुपर्नेछ ।

तयार गर्नेको नाम, पदः-
दस्तखतः-
मितिः-

आयोजना/कार्यालय प्रमुखको नाम, पदः-
दस्तखतः-
मितिः-

प्रमाणित गर्नेको नाम, पदः-
दस्तखतः-
मितिः-

*अनुसूची-३*

होर्डिंग बोर्डको नमुना

क. उपभोक्ता समिति मार्फत कार्य संचालन हुने हकमा

नेपाल सरकार

## राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति

### कार्यक्रम कार्यन्वयन इकाई

१. कार्यक्र ........................

२. आ.व. :

३. स्थान :

४. उपभोक्ता समितिको नाम :

५. सम्झौता मिति :

६. कार्य सम्पन्न गर्नु पर्ने मिति :

७. अनुमानित लागत विवरण

क.) कार्यालयले व्यहोर्ने :

ख.) उपभोक्ता समुहले व्यहोर्ने :

ग.) अन्यले व्यहोर्ने :

कुल अनुमानित लागत :

८. सम्पन्न हुने मुख्य संरचना तथा कार्यक्रमहरू

क.

ख.

ग.

"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई"

ख. ठेक्का पट्टा मार्फत कार्य संचालन हुने हकमा

नेपाल सरकार

## राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति

### कार्यक्रम कार्यन्वयन इकाई

१. कार्यक्रमव ........................

२. अ.व. :

३. स्थान :

४. ठेक्का पट्टा नं.:

OCTOBER 9 2024

५. ठेकेदारको नाम :

६. सम्झौता मिति :

७. कार्य सम्पन्न गर्नु पर्ने मिति :

८. कबोल अंक :

९. गरिने मुख्य कार्यहरू

क.

ख.

ग.

"चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई"

अनुसूची-४

## Activity Profile

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Name of Activity: | | | | | |
| २ | Name of Program: | | | | | |
| ३ | Location: | Ward: | Place: | F/Y: | | |
| ४ | Name of River System: | | | | | |
| ५ | GPS Coordinate: | | | | | |
| ६ | Cost:- a) Estimated: | User: | Others: | Total: | | |
| | Office: | | | | | |
| | b) Actual Expenditure: | | | | | |
| | Office: | User: | Others: | Total: | | |
| ७ | Objectives: | | | | | |
| ८ | Conservation Measure / Technique applied: | | | | | |
| ९ | Implementation process: | | | | | |
| १० | Gender/social consideration: | | | | | |
| ११ | Effect/impact: | | | | | |
| १२ | Benefited HH | Total: | Dalit: | Janjati: | Madhesi: | Other: |
| १३ | Employment Generated: | | | | | |
| १४ | Problem faced: | | | | | |
| १५ | Maintenance / Sustainability: | | | | | |
| १६ | Lesson learned: | | | | | |
| १७ | Other: | User Group Name: | | | | |
| | | Chair Person: | | | | |
| | | Site Incharge: | | | | |
| | | Unit Officer: | | | | |

Work Before Photograph:

Work after Photograph:



OCTOBER 9, 2024

*अनुसूची ५*

## सार्वजनिक सुनुवाई फारम

### (सार्वजनिक सुनुवाईको प्रतिबेदन)

आज मिति ........................... गते ..........बारका दिन श्री ...................... उपभोक्ता समिति/समूहका अध्यक्ष ................. को अध्यक्षतामा ................ जिल्ला ................. पालिका, वडा नं. ...... अन्तर्गत तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी .............. जिल्ला ............ पालिका, वडा नं. ............ को ............ नदीप्रणालीमा पर्ने ................... मा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, .............................. र श्री ................... उपभोक्ता समिति/समूहको सम्पन्न कार्यक्रमको सार्वजनिक सुनुवाईका लागी तपसिल अनुसारको निर्णयहरू गरियो।

उपस्थिति

अध्यक्ष श्री ....................

अतिथि श्री .................

उपाध्यक्ष श्री .............

सचिव श्री ......................

कोषाध्यक्ष श्री ...........................

सदस्य श्री .................

सदस्य श्री .................

सदस्य श्री ..........................

अन्य आमन्त्रित उपभोक्ता/व्यक्तिहरू

श्री ........................

श्री ..........................

श्री ............................

प्रस्तावहरू

१. कार्यक्रम सम्पन्न सम्बन्धमा।

२. सार्वजनिक लेखा परिक्षण सम्बन्धमा।

३. भुक्तानी सम्बन्धमा।

४. जिम्मेवारी तोकिने संवन्धमा।



OCTOBER 9, 2024

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा ........................ उपभोक्ता समिति/समूह र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, .............................. बिच ........................ कार्यक्रमको कार्य सम्झौता अनुसार .................... पालिका, वडा नं. .......... ........................ कार्यसम्पन्न भएको सर्व सहमतीबाट निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ............ संग .................................. कार्यक्रमको कार्य सम्झौता अनुसार उक्त कार्य सम्पन्न गर्न तपसिल अनुसारको खर्च (जनसहभागिता सहित) सार्वजनिक लेखा परिक्षण भएको सर्व सहमतिबाट निर्णय गरियो।

तपसिल

| सि.नं. | कार्य विवरण | परिमाण | खर्च विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रा.चु.त.म.स.वि.स.ले व्यहोरेको | उ.स.ले जनश्रम दान गरेको | अन्यले व्योहोरेको | जम्मा खर्च रु. (जनसहभागिता सहित) | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा रु. | | | | | | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ................. संग कार्य सम्झौता भए अनुसारको सम्पूर्ण कार्य सम्पन्न भई सार्वजनिक लेखापरिक्षण भए अनुसारको भुक्तानी हुनुपर्ने रकम रु. ............ अक्षरुपि रु. ........................ भुक्तानीका लागी राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ........................ पहल गर्न सर्वसहमतिबाट निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, .......... बाट प्राप्त हुने रकमको लागी आर्थिक कारोबार गर्न सम्पूर्ण अधिकार ..................... उपभोक्ता समूह/समितिका अध्यक्ष श्री ...... .............. र ................................ लाई तोकिएको सर्वसहमतीबाट निर्णय गरियो।

(नोटः यस नमुना फरमेटमा कार्यक्रम कार्यान्वयन इकाईले मुख्य बिषयलाई समेटी आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।)

## अनुसूची ६

## उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी व्यवस्था

योजना निर्माण सम्पन्न गर्न गठन गरिने उपभोक्ता समिति तथा उपसमितिहरू देहाय बमोजिम हुनु पर्नेछ।

उपभोक्ता समिति - यस समितिमा कम्तीमा ७ देखि बढीमा ९ सदस्य रहने एक सहभागिमुलक समावेशी उपभोक्ता समिति गठन गरिने छ जस्मा कम्तीमा ३३ % महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

अध्यक्ष :-

उपाध्यक्षः-

सचिव :-

कोषाध्यक्षः-

सदस्य :- ३ देखि ५ जना

(७ सदस्यीय समिति भए ३ जना र ९ सदस्यीय समिति भए ५ जना सदस्य रहने छन् मुख्य पदमा कम्तीमा एक जना महिला हुने गरी समिति गठन गर्नु पर्नेछ।।

उपभोक्ता समितिको जिम्मेवारी

योजना कार्यान्वयनको लागि गठन गरिएको उपभोक्ता समितिको काम, कर्तव्य र भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले उपभोक्ता समितिले कार्यान्वयन निकाय र उपभोक्ता समिति बीचमा भएको सहकार्य पत्रमा उल्लेखित शर्त र सीमाका अधिनमा रही कार्य गर्नु पर्नेछ। उपभोक्ता समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) योजना निर्माणका लागि उपभोक्ता समिति मातहतमा गठन गरिएका उप-समितिहरू बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(ख) योजनाको डिजाईन, ईस्टिमेट र प्राविधिकले दिएको निर्देशनको आधारमा तयार गरिएको कार्य योजना अनुसार निर्माण कार्य समयावधि भित्रै सम्पन्न गरिसक्ने।

(ग) सम्वन्धित वडाका कर्मचारी सहितको उपस्थितमा मूल समिति र उप -समितिको संयुक्त मासिक बैठक बसी प्रगति समीक्षा र आगामी कार्य योजना बारेमा छलफल गर्नुका साथै सो बैठकमा प्राप्त भएका गुनासाहरूको सम्वोधन गर्ने। बैठकको निर्णय सर्वसाधारणको जानकारीका लागि वडा कार्यलयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

(घ) योजनाको निर्माण काम शुरु गर्नु भन्दा पहिला उपभोक्ता समितिले योजनाको अनुमानित लागत विवरण सहितको बोर्ड योजना स्थलमा टाँस गर्नु पर्नेछ र सबैको पहुँच हुने गरी गुनासो/सुझाव पेटिका राख्नु पर्नेछ र उक्त सुझाव पेटिका मासिक बैठकको दिन सबैको उपस्थितिमा खोल्नु पर्नेछ।

(ङ) योजना निर्माणको कामको बारेमा नागरिकहरूको कुनै प्रकारको गुनासो आएमा यसै बैठक मार्फत गुनासोहरूको सम्वोधन गरिने छ।

(च) मूलसमितिले कुनै पनि निर्णय गर्दा कामको बाँडफाँडको लागि निर्माण गरिएका उपसमितिहरूको बैठकबाट सिफारिस गरिएका कुराहरू आधारमा निर्णय गर्नुपर्नेछ।

(छ) कुनै पनि सामग्री खरिद गर्दा, कामदारको छनौट र दर रेट निर्धारण गर्दा, सामाग्री ढुवानीको दर रेट निर्धारण गर्दा खरिद उपसमिति बाट सिफारिस भइ आए बमोजिमको कुरालाई निर्माण समितिको बैठक बसी अन्तिम निर्णय गर्नुपर्ने छ।



OCTOBER 9, 2024

(ज) योजना सम्बन्धी सम्पूर्ण खाता, बिल, भपाई र अन्य सामग्रीको चुस्त दुरुस्तकासाथ दैनिक अभिलेख राखे र सम्बन्धित कसैले हेर्न चाहेमा सम्पूर्ण कुराहरू देखाउनु पर्नेछ।

(झ) योजनामा आवश्यक बाह्य र स्थानीय निर्माण सामाग्रीको उपयुक्त तरिकाले उचित भण्डारण तथा व्यवस्थापन गर्ने र उक्त कुराको दैनिक रेकर्ड राख्नु पर्नेछ।

(ञ) योजनाको पारदर्शिताको लागि योजनामा अवलम्वन गरिएका सम्पूर्ण विधिको प्रयोग गर्ने र योजनाको रकम संस्थाबाट निकासा भई कामदारले प्राप्त गरि सकेको अवस्थामा योजनाको सार्बजनिक लेखा परीक्षण गराई खर्चको विवरण सार्वजनिक स्थलमा टाँस गर्नु पर्नेछ।

(ट) योजनामा छुट्टाएको रकम सोही शीर्षकमा मात्र खर्च गर्नु पर्दछ र उपभोक्ता समितिका सदस्यहरूले उक्त रकम आफ्नो व्यक्तिगत प्रयोजनमा खर्च गर्न पाउने छैन। यदि व्यक्तिगत रूपमा खर्च गरेमा खर्च असुल उपर गर्नु पर्नेछ।

(ठ) जालसाझी र ठगी जस्ता कार्यहरूमा शुन्य सहनशीलताको नीति अपनाउनु पर्नेछ।

(ड) योजना निर्माणको काम गर्दा स्थानीय प्राकृतिक वातावरणमा हानी-नोक्सानी नपुग्ने गरी वातावरण-मैत्री क्रियाकलापहरू अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(ढ) मुल उपभोक्ता समितिको मातहतमा रहने गरी उप-समितिहरू गठन गर्न सकिनेछ।

(ण) उपसमितिहरू निर्माण गर्दा उपभोक्ता समितिबाट एक जनालाई उपसमितिको अध्यक्ष चयन गरी कम्तिमा ३ जनाको उपसमिति गठन गर्नु पर्ने छ। उपभोक्ता समितिले उपसमितिमा तीनजना मध्ये एकजना महिला सदस्य अनिबार्य छनौट गर्नुपर्ने छ तर अनुगमन उपसमितिका सम्पूर्ण सदस्यहरू उपभोक्ता समिति भन्दा बाहिरका हुनु पर्नेछ।

१. खरिद उप-समिति - खरिद उप-समिति ३ सदस्यीय निम्न अनुसारको हुनेछ।

संयोजक :- १ (मूल समितिको जिम्मेवार पदाधिकारी मध्येबाट छनोट गर्ने)

सदस्य - २ जना

जिम्मेवारीहरू:-

(क) खरिद उपसमितिले मूल समितिले तोकेका कार्य गर्नु गराउनु पर्दछ।

(ख) स्थानीय निर्माण सामाग्रीहरू जस्तै ढुङ्गा, बालुवा, गिट्टी, काठ, ईटा, बाँस, डोरी जस्ता सामाग्रीहरू तथा समुदायको भागमा परेको (अनुमानित लागत बिवरणमा समुदायको सहयोग रहेका) अन्य गैर स्थानीय सामाग्री खरिद प्रक्रिया अनुसार खरिद गर्ने कार्य गर्नु पर्नेछ।

(ग) सामाग्री खरिद गर्नु पूर्व के के सामाग्री खरिद गर्ने हो त्यो मूल समितिबाट स्वीकृत लिई खरिद उपसमितिको बैठक बसाई कोटेसन आव्हान गर्नु पर्नेछ वा स्थानीय स्तरमा मूल्य बुझी सबै भन्दा कम मूल्यमा खरिद गर्ने प्रयोजनका लागि मूल समितिमा सम्पूर्ण कागजातहरू पेश गर्नु पर्नेछ।

२. अनुगमन तथा मुल्यांकन उप-समिति - अनुगमन तथा मूल्याङ्कन उप-समिति ३ सदस्यीय निम्न अनुसारको हुनेछ।

संयोजक :- १ जना (वडाका समाजसेवी तथा जानिफकारहरू मध्येबाट १ जना संयोजक र २ जना सदस्यहरू छान्ने)

सदस्य :- २ जना

जिम्मेवारीहरू:-



OCTOBER 9, 2024

(क) उपभोक्ता समितिको कार्य योजना अनुसारको र संस्थाले दिएको डिजाइन इस्टिमेट अनुसारको कार्य सञ्चालन भइरहेको छ वा छैन त्यसको निरन्तर अनुगमन गरी उपभोक्ता समिति र सहयोगी संस्थालाई रचनात्मक सुझावहरू दिनु पर्नेछ।

(ख) निर्माण सम्बन्धी कामको अनुगमन गर्दा हरेक दिन निर्माणस्थलमा गई काम भए नभएको अनुगमन गर्नु पर्नेछ।

(ग) निर्माण सामग्रीहरूको प्रयोग र कामदारहरूको परिचालन सही तरिकाबाट भएको छ वा छैन र भए गरेको काम सही छ वा छैन भन्ने कुरा निर्माण स्थलमा गई जाँचबुझ गर्नु पर्नेछ।

(घ) जुन उद्देश्य राखेर कार्य सञ्चालन गरेको हो सोअनुरूप काम भइरहेको छ वा छैन भन्ने विषयमा प्रत्यक्ष अनुगमन गरी सल्लाह-सुझाव दिनु पर्नेछ।

३. जनपरिचालन उप -समिति - जनपरिचालन उप-समिति ३ सदस्यीय निम्न अनुसारको हुनेछ।

संयोजक :- १ जना

सदस्य :- २ जना

जिम्मेवारीहरू:-

(क) योजना कार्यान्वयनको लागि निर्माण भएको उपभोक्ता समितिले तोकेको कार्यहरू जस्तै कामका लागि छनौट भएका व्यवसायी, दक्ष, अर्धदक्ष र अदक्ष कामदारलाई संस्थाले दिएको सुझाव र सहकार्य पत्रमा भएका बुँदा अनुसार परिचालन गर्ने गराउने कार्य गर्नु पर्नेछ।

(ख) कामदारको सुरक्षाको लागि हेल्मेट, पन्जा, बेल्ट जस्ता कुराहरू काम गर्दा अनिवार्य लगाउन लगाउने र प्राथमिक उपचार बाकस अनिवार्य रूपमा निर्माण स्थलमा रहेको कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(ग) दैनिक कति कामदारले काम गरे, दैनिक के के काम भयो उक्त कुराको अभिलेख (रेकर्ड) तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(घ) काम गर्ने शिलशिलामा छुट्टाछुट्टै समूह बनाई कामको बाँडफाँड गरी संचालन गर्नु गराउनु पर्नेछ।

(ङ) काम भएको दिनको कामदार परिचालन अभिलेख मूल समितिलाई बुझाउनु पर्नेछ।



OCTOBER 9, 2024

## *अनुसूची ७*
## कार्यक्रम कार्यान्वयन सम्झौता

यस राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई, ...को चालु आ.ब. .. को स्वीकृत बार्षिक कार्यक्रम अनुसारको ... कार्यक्रम (खर्च शीर्षक नं. .... , क्रियाकलाप नं. .....) .....जिल्लाको ... नगर/गाउँपालिका वडा नं. ..., .. स्थित .. स्थानमा ... कार्य सञ्चालन गरी सम्पन्न गर्न र स्याहार सम्भार समेत गर्नका लागि प्रचलित ऐन नियमको परिधिभित्र रही नेपाल सरकार, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, कार्यक्रम कार्यान्वयन इकाई, ... (यसपछि प्रथम पक्ष भनिएको) र श्री .. (यसपछि दोस्रो पक्ष भनिएको) बिच तल उल्लेखित विवरण र शर्तहरु मान्य हुने गरी यो सम्झौता सम्पन्न भयो।

१. कार्यक्रमको नाम, परिमाणः-

२. कार्यक्रम संचालन गर्ने समिति गठन मितिः

३. कार्यक्रम लागु हुने क्षेत्रः

(क) गाउँ/नगर पालिकाः

(ख) वडा नं.

(ग) क्षेत्र/गाउं/टोलः

४. कार्यक्रमबाट लाभान्वित

(क) गाउँ/नगरपालिकाः

(ख) वडा नं.

(ग) क्षेत्र/गाउं/टोलः

(घ) घरधुरी संख्याः ... घर (जनजाति ... दलित ... अन्य ...)

५. काम शुरु गर्ने मितिः

काम सम्पन्न गर्नु पर्ने मितिः

६. कार्यक्रमको लागि अनुमानित खर्च (कन्टिन्जेन्सी बाहेक)

(क) कार्यालयको तर्पबाट व्यहोर्नेः

(ख) जनसहभागिताबाट व्यहोर्नेः

(ग) अन्य निकायले व्यहोर्नेः

(घ) कुल जम्माः

७. कामको परिमाण, आवश्यक सामाग्री, ज्यामीको विवरण र खर्च व्यहोर्ने श्रोत स्वीकृत लागत इस्टिमेटमा उल्लेख गरे अनुसार हुनेछ।

८. कामको गुणस्तर र डिजाइन संलग्न स्वीकृत लगत इस्टिमेट, नक्सा र स्पेसिफिकेशनमा उल्लेख गरे बमोजिम हुनुपर्ने छ।

९. निर्माण कार्य शुरु गर्ने बखत निर्माण सामग्री अग्रिम रुपमा उपलब्ध हुनु पर्ने छ। निर्माण सामग्री दोश्रो पक्षले खरिद गरी कार्यालयमा बिल पेश गर्नु पर्नेछ। दोश्रो पक्षको निवेदन, र स्थानीय पालिका तथा प्रथम पक्षको प्राविधिकको निरीक्षण प्रतिवेदनको आधारमा सम्पन्न निर्माण कार्यको रकम भुक्तानी गरिनेछ। कार्यालयले व्यहोर्ने रकमको हकमा प्राविधिक प्रतिवेदन बमोजिम सम्पन्न प्रगतिको आधारमा किस्ता किस्ता गरेर रकम उपलब्ध गराइने छ।

१०. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (५) बमोजिम सम्झौता भएको कार्यालयले व्यहोर्ने रकमको एकतिहाइसम्म अग्रिम पेश्की दोस्रो पक्षलाई उपलब्ध गराउन सकिने छ।

तर त्यसका लागि दोस्रो पक्षको निवेदन र यस इकाइको प्राविधिक तथा योजना शाखाको राय सिफारिस आवश्यक हुने छ।

११. प्रयोग गर्ने निर्माण सामग्रीहरु नेपाल गुणस्तर चिन्ह प्राप्त र लागत अनुमानको स्पेसिफकेसन बमोजिमको हुनु पर्ने छ। बाह्य निर्माण सामग्रीहरु (जस्तैः जि.आइ. बक्स, तार आदि)को खरिद बिलसँगै बिल बिजक नं. उल्लेख भएको ल्याब परीक्षणको प्रमाण-पत्र दोश्रो पक्षले अनिवार्य संलग्न राख्नु पर्ने छ। अन्यथा पहिलो पक्ष भुक्तानी दिन बाध्य हुने छैन।

१२. काम सम्पन्न भई सकेपछि सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनुवाई गराई प्रतिवेदन पेश भए पश्चात मात्र अन्तिम किस्ताको रकम भुक्तानी दिइनेछ। सकेसम्म प्रथम पक्षको कर्मचारीको रोहवरमा सार्वजनिक सुनुवाई गराई प्रतिवेदन पेश गरेपछि नेपाल सरकारको प्रचलित नियम कानून बमोजिम लाग्ने कर कट्टी गरी मात्र अन्तिम किस्ता बापतको रकम दोस्रो पक्षलाई भुक्तानी गरिनेछ।

१३. निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण औजार र ज्यावलहरु दोश्रो पक्षले स्थानीय रुपमा व्यवस्था गरी काम सम्पन्न गर्नु पर्नेछ। सम्झौताको समयावधि भित्र दोस्रो पक्षले काम सम्पन्न गर्नु पर्नेछ।

१४. योजना सम्पन्न भएपश्चात यो योजना ... लाई स्वतः हस्तान्तरण भएको मानिनेछ। स्थानीय साधन जुटाउने, व्यवस्थित ढंगले काम सम्पन्न गर्ने, योजनाको स्याहार संभार र मर्मत समेत गरी प्राप्त लाभ विवादरहित ढंगले बाँडफाड गर्ने दायित्व सोही समितिको हुनेछ।

१५. कार्यक्रमको लागि खरिद गरिएको निर्माण सामाग्री कुनै पनि अन्यत्र प्रयोग गर्नु हुदैन। कथंकदाचित त्यस्तो भएको पाइएमा त्यसरी प्रयोग भएको सामाग्रीको मूल्य बराबरको रकम दोश्रो पक्षले भुक्तानी पाउनु पर्ने रकमबाट कार्यालयले कट्टा गर्न सक्नेछ। दुरुपयोग भएको निर्माण सामग्रीको मूल्य उपभोक्ता समूहले पाउनु पर्ने रकम भन्दा बढी भई असुल हुन नसक्ने स्थितीमा कार्यालयले प्रचलित ऐन कानून बमोजिम असुल गर्नेछ।

१६. सम्बन्धित प्राविधिकको सहमति विना दोश्रो पक्षले डिजाईन फेर्न पाउने छैन। उपभोक्ता समितिले आफु खुसि डिजाईन फेरी काम गरेमा त्यसको भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

१७. योजना सम्झौता भइ कार्यादेश पाएको मितिबाट ७ (सात) दिन भित्र काम शुरु गर्नु पर्नेछ। काम शुरु नगरेको खण्डमा कार्यालयको तजबिज अनुसार कार्यक्रम स्थगित गर्न सकिनेछ। त्यस्तो स्थानमा पुनः कार्यक्रम सचांलन गर्न कार्यालय बाध्य हुने छैन।

१८. दोश्रो पक्षले गर्नु पर्ने काम कुनै ठेकेदारबाट गराउन पाइने छैन। त्यस्तो गरेको खण्डमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

१९. काम गर्ने कामदार सम्बन्धित उपभोक्ता समुह भित्रको हुनु पर्नेछ तर प्रत्यक्ष लाभान्वित हुने समुदायभित्र सम्बन्धित काम गर्न सक्ने श्रमिक (दक्ष र अदक्ष) प्राप्त हुन नसकेमा अन्य समूह वा व्यक्ति विशेषलाई काममा लगाउन सकिनेछ, त्यसको जानकरी प्रथम पक्षलाई समयमै गराउनु पर्नेछ।

२०. सार्वजनिक खरिद नियमावली, २०६४ को बाहौं संशोधन, २०७९ ले नियम ११२ को उपनियम (३क) मा व्यवस्था गरे बमोजिम दोश्रो पक्षले यस सम्झौता अनुसार हुने निर्माण कार्य तथा संरचनाको बीमा गरउनु पर्नेछ। दोश्रो पक्षले रनिङ बिल पेश गर्दा या अन्तिम भुक्तानी माग गर्दा बीमा गरेको कागज-पत्र अनिवार्य पेश गर्नु पर्नेछ। अन्यथा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन।

२१. सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित ऐन, नियम, कानून र कार्यविधिहरुले तोकेका व्यवस्था तथा प्रकृयाहरु अवलम्बन गर्नु पर्ने छ।



OCTOBER 9, 2024

२२. कार्यक्रम संचालनको क्रममा दुवै पक्ष बीच कुनै बादविवाद वा अन्यौलता सिर्जना भएमा दुवै पक्षको आपसी समझदारीमा छलफल गरी टुंगो लगाईने छ र टुंगो लाग्न नसकेमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**उपभोक्ता समितिको तर्फबाट (अध्यक्ष वा निजले तोकेको व्यक्ति)**

नाम :-

पद :-

दस्तखत:-

मिति :-

समितिको छाप :

**साक्षीहरु**

१. नाम :-

पद :-

दस्तखत:-

मिति :- ........

२. नाम :-

पद :-

दस्तखत:-

मिति :- ........

**कार्यालयको तर्फबाट (प्रमुख वा निजले तोकेको व्यक्ति)**

नाम :

पद :-

दस्तखत:-

मिति :- ........

कार्यालयको छाप :

**योजना फाँट**

नाम :-

पद :-

दस्तखत:-

मिति :- ........

संस्था वा निकायको छाप :

**साईट इन्चार्ज**

नाम :-

पद :-

दस्तखत:-

मिति :- ........



OCTOBER 9, 2024